

# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय ! जय !! नेपाल ।

---

## सहकारीका सात सिद्धान्तहरू

१. **स्वेच्छिक तथा खुल्ला सदस्यता** (Voluntary & Open Membership)
२. **सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण** (Democratic Member Control)
३. **सदस्यहरूद्वारा आर्थिक सहभागिता** (Members Economic Participation)
४. **स्वायत्तता र स्वतन्त्रता** (Autonomy & Independence)
५. **शिक्षा, तालिम र सूचना** (Education, Training & Information)
६. **सहकारीहरूबीच पारस्परिक सहयोग** (Co-Operation among Co-operatives)
७. **समुदायप्रति चासो** (Concern for Community)

श्री ५ को सरकार

**सहकारी विभाग**

दर्ता नम्बर :- २।२०५०।०५१

# दर्ताको प्रमाणपत्र

सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम श्री जनसेवा बचत तथा ॠण सहकारी संस्था लिमिटेड पुरुन्चौर कास्की ...... लाई सीमित दायित्व भएको संस्था । संघमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दस्तखत :- [signature] २०५०।५।२९

( )

अधिकृत

सहकारी विभाग

कार्यालयको छाप।

दर्ता गरेको मितिः- २०५०।५।२९।२

# नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजश्व विभाग



# स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पान: | ३ | ० | ४ | ७ | ६ | ६ | १ | ४ | ३ |

आन्तरिक राजश्व कार्यालय: पोखरा

मिति: २१ | ०५ | २०५०

मू.अ.क. दर्ता मिति:

दिन | महीना | साल

करदाताको नाम: जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

करदाताको प्रकार: सहकारी

ठेगाना: वडा नं. ७, पुरन्चौर

गाविस: पुरन्चौर

कास्की

व्यवसाय कारोबारहरू: वित्तिय सेवाहरू,

करदाताको दस्तखत

अधिकृतको दस्तखत

**करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:**

- कारोवार गर्दा अनिवार्य रुपमा विल विजक जारी गर्नुपर्छ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ।
- अन्त:शुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्त:शुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ।
- समयमा विवरण र कर रकम नबुझाएमा व्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाणपत्र देखिने गरी कारोबार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।

# प्रतिवेदन पुस्तिका-२०८०

**मुद्रण :**
**आदर्श अफ्सेट प्रिन्टर्स**
**बगर, पोखरा ०६१-५४४९६२**

## यस भित्र ....

सञ्चालक समितिको तर्फबाट

अध्यक्षद्वारा प्रस्तुत प्रगति तथा आगामी वर्षको नीति तथा कार्यक्रम

कोषाध्यक्षको आर्थिक प्रतिवेदन

लेखा समितिको प्रतिवेदन

लेखा परीक्षण प्रतिवेदन

पर्ल्स मूल्याङ्कन पद्धतिका अनुपातहरू

पत्र संख्या : ०९/०८०/०८१
चलानी नं. :

मिति :२०८०।०५।१५

## सूचना

## ३१ औं वार्षिक साधारण सभा एवं दशौं चूनावी सभा-२०८०

यस जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.को मिती २०८० भाद्र १० गतेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार संस्थाको **३१ औं वार्षिक साधारण सभा एवं दशौं चूनावी सभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

मिति : २०८० असोज २० गते शनिवार ।
समय : विहान १०:०० वजे ।
स्थान : श्री भारती भवन मा.वि.को प्राङ्गण पोखरा १९, पुरून्चौर

### कार्यक्रम तथा छलफलका विषयहरू:

१) अध्यक्षज्यूद्वारा संस्थाको ०७९/०८० को प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत
२) कोषाध्यक्षज्यूद्वारा आ.व. २०७९/२०८० को आर्थिक प्रतिवेदन तथा आ.वं.२०८०/०८१ को वजेट प्रस्तुत ।
३) लेखा समितिका संयोजकद्धारा लेखा समितिको प्रतिवेदन प्रस्तुत ।
४) विभिन्न विधामा सदस्य सम्मान तथा पूरस्कार वितरण ।
५) आ.व ०७९/०८० को लेखा परीक्षण प्रतिवेदन प्रस्तुत एवं स्वीकृत सम्वन्धमा ।
६) अध्यक्ष र कोषाध्यक्षको प्रतिवेदन स्वीकृत सम्वन्धमा ।
७) आ.व २०८०/०८१ को वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत सम्वन्धमा ।
८) आ.व २०८०/०८१ को लागि लेखा परीक्षकको नियूक्ती एवं पारिश्रमिक तोक्ने सम्वन्धमा ।
९) आ.व. २०७९/०८० को शेयर लाभांश र संरक्षित पुंजी फिर्ता कोष रकम वितरण सम्वन्धमा ।
१०) संस्थाका आन्तरिक नीति निर्देशिका एवं कार्यविधीहरू संशोधन तथा अनूमोदन सम्वन्धमा ।
११) थप वजेट अनूमोदन सम्वन्धमा ।
१२) सञ्चालक समिति र लेखा सूपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
१३) निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने १२ जना प्रतिनिधि तोक्ने सम्बन्धमा ।
१४) विशेष प्रस्तावहरू सम्बन्धमा ।

प्रार्थी
दान बहादुर भुजेल
सचिव

## सञ्चालक समिति लेखा सुपरिवेक्षेण समिति चयन प्रक्रिया :

जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.को ३१ औं साधारण सभा २०८० नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति चयन गर्ने साधारण सभा भएकोले सञ्चालक तथा लेखा समितिको कसरी चयन गरिन्छ भन्ने कुरा सबैले बुझ्नु आवश्यक भएकाले यस संस्थाको निर्वाचन नीति, २०७४ अनुसार सञ्चालक समिति र लेखा सुपरिवेक्षेण समिति चयन प्रक्रिया निम्न अनुसार रहेको जानकारी गराउदछौं । संस्था सञ्चालनका लागि ११ जनाको सञ्चालक समिति र ३ जनाको लेखा सुपरिवेक्षण समिति हुनेछ । सञ्चालक समिति र लेखा सुपरिवेक्षेण समितिको  कार्यकाल ४ वर्षको हुनेछ तर एकै व्यक्ति एउटै पदमा २ कार्यकाल भन्दा बढी बस्न पाइने छैन । सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति देहाय अनुसार हुनेछ ।

अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षः १/१ जना

सञ्चालक सदस्यः ७ जना

लेखा संयोजक : १ जना

लेखा सदस्यः २ जना

उम्मेद्धवारी दर्ता गर्ने सदस्य अन्य उस्तै प्रकृतिको बचत तथा ऋण सहकारी संस्थामा सञ्चालक र लेखा सुपरिवेक्षण समितिमा रहेको हुनु हुदैंन । एक व्यक्तिले एक संस्थामा मात्र सञ्चालक सदस्य, लेखा संयोजक वा लेखा सदस्य वा अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये १ पदमा मात्र उम्मेदवारी दिन  सकिने छ । कार्यकाल नसकिँदै बिचैमा कुनै कारणबस सञ्चालक वा लेखा समितिको कुनै पद रिक्त हुन गएमा अर्को साधारण सभाबाट रिक्त पदमा निर्वाचनद्वारा पदपूर्ति गरिने छ । तर अध्यक्षको पद रिक्त हुन गएमा उपाध्यक्षबाट कार्यबाहक अध्यक्षको रुपमा आगामी साधारण सभा सम्म काम गर्नेछ । अर्को वर्ष हुने साधारण सभाले सबै रिक्त पदहरू पूर्ति गर्नेछ । त्यसरी पद पूर्तिबाट निर्वाचन हुने पदाधिकारीहरूको कार्यकाल अरु बाँकी रहेका पदाधिकारीहरू सरह हुने छ ।

**सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार हुन आवश्यक योग्यताः**

क) संस्थाको सेयर सदस्यता प्राप्त गरेको अवधि कम्तीमा १ वर्ष पुरा भएको,

ख) उम्मेदवारी दिने समयमा संस्थाबाट लिएको ऋणको भाखा ननाघेको,

ग) साधारण सभाको मितिसम्म मासिक बचत नियमित भएको ।

घ) एउटै प्रकृतिको अन्य प्रारम्भिक संस्थाको समितिहरूमा कार्यसमिति र लेखा तथा

सुपरीवेक्षण समितिको सदस्य र कुनै संस्थाको कर्मचारी भइ काम गरी नरहेको,

ङ) संस्थाको सम्पत्ति हिनामिना गरी बेरुजु नभएको,

च) मानसिक सन्तुलन ठिक भएको,

छ) फौजदारी अभियोग नलागेको,

ज) बैंक तथा अन्य वित्तीय संस्थाको कालो सुचीमा नपरेको ।

झ) संस्था व्यवस्थापन र सञ्चालन सम्बन्धी तालिममा सहभागी भएको ।

ञ)सहकारीको सात सिद्धान्त मूल्य मान्यता र संस्थाको परिकल्पना, उद्देश्य, संस्थाको विभिन्न नीति नियमहरूको बारेमा जानकारी भएको, व्याख्या गर्न सक्ने हुनु पर्दछ ।

ट) उम्मेदवारको ईमेल, फेसबुक चलाउन जान्ने र आफ्नो इमेल आइडी र फेसबुक आइडी भएको हुनु पर्छ ।

ठ) सञ्चालक समितिको अध्यक्ष र लेखा समितिको संयोजक पदको लागि कम्तीमा एक कार्यकाल पदाधिकारी एवम् सदस्य पदमा अथवा लेखा सुपरिवेक्षण समितिको पदहरूमध्ये कुनै एक पदमा रही कार्य गरेका व्यक्तिहरूले मात्र उम्मेदवारी दिन पाउनेछन भने सञ्चालक समितिको अन्य पदको लागि र लेखा तथा सुपरिवेक्षण समितिको सदस्य पदहरूको लागि सेयर सदस्यले उम्मेदवारी दिन सक्नेछन् । यस अघि समूहबाट प्रतिनिधित्व गर्ने सदस्यहरूको प्रतिनिधित्व सञ्चालक समितिको सदस्य सरह मान्य हुनेछ ।

ड) लेखा समितिका तीन मध्ये एक जना व्यवस्थापनमा स्नातक गरेको र कोषाध्यक्ष पदको लागि व्यवस्थापनमा स्नातक वा लेखा सम्वन्धी वित्तीय क्षेत्रको अनुभव गरेको गरेको व्यक्ति हुनु पर्नेछ ।

**सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार हुन नपाउने अवस्थाः**

संस्थाले उच्च दक्षता भएका र पूर्ण सहभागिता जनाउने सञ्चालक समितिका पदाधिकारीहरू लाई र तत्काल सञ्चालक समितिको लागि आवश्यक पर्ने सिप, ज्ञान, दक्षता भएका ब्यक्तिहरूलाई प्राथमिकता दिइने छ । संस्थाले परिकल्पना गरेक  विषयहरू र लक्ष्यहरूलाई मुख्य रुपमा ध्यान दिनु पर्दछ । सञ्चालक र लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार हुन देहायको अवस्थामा पाउने छैनन् ।

१) अन्य उस्तै प्रकृतिको बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिमा रहेमा ,

२) यसै संस्थाको कुनै पनि कर्मचारीको नजिकको नातेदार वा एकाघर परिवारको सदस्य परेमा

३) एकै पदमा २ कार्यकाल भन्दा बढी लगातार वा कार्य गरेकोमा त्यसैपदमा पुन उम्मेदवारी दिन पाइने छैन तर एक पदबाट अर्को पदमा जानलाई भने बाधा पर्ने छैन ।

४) संस्थामा मासिक बचत नियमित जम्मा नगरेको वा ऋणको भाखा नाघी असुलीमा हर्जना नतिरेको हुनुपर्ने छ ।

५) संस्थाको कुनै पनि साधारण सभामा सहभागिता नजनाएको भएमा । वित्तीय कारोवार आफ्नो संस्थामा नगरी अन्य बैंक तथा वित्तीय संस्थामा गरेको पाइएमा ।

६) कुनै पनि संस्थाबाट ऋणको कारोवार गरी भाखा नाघेको र सार्वजनिक रुपमा नाम प्रकाशित भएको ।

७) संस्थाको बारेमा गलत अफवाह, भ्रामक र कपोलकल्पित समाचार सामाजिक सञ्जाल एवं अन्य कुनै माध्यमबाट संप्रेषण गरेको पाइएमा ।

८) प्रचलित कानुन तथा संस्थाको विनियम बमोजिम अयोग्य ठहरिएमा ।

९) कुनै पनि तहको सरकारको कर्मचारी, शिक्षक, बैंक तथा वित्तीय संस्थाको कर्मचारी र सञ्चालक एवं जनप्रतिनिधिहरू सहकारी संस्थाको सञ्चालक, लेखा सुपरिवेक्षण समितिमा बस्न पाउने छैनन् ।

**सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**

क) संस्थाको परिकल्पना तथा ध्येय निर्धारण गर्ने

ग) संस्थाको प्रशासनिक कार्य गर्ने कर्मचारी नियुक्ति गर्ने

घ) व्यवस्थापकलाई सुधारोन्मुख पृष्ठपोषण प्रदान गर्ने

ङ) संस्थाको विकास तथा प्रगतिको लागि सञ्चालकहरूसँग भएका विशिष्ट ज्ञान तथा अनुभवहरू व्यवस्थापकलाई जानकारी गराउने ।

च) समुदायका प्रतिष्ठित ब्यक्तीहरू समक्ष संस्थाको पहिचान गराउने

छ) सहकारी संस्थाको विकासको लागि आवधिक योजना निर्माण गर्ने

ज) संस्थाका सदस्यहरूको आवश्यकता र चाहानमा आधारित वस्तु तथा सेवाहरू उपलब्ध गराउने ।

झ) सार्वजनीक रुपमा संस्थाको बलियो छवि स्थापित गर्नू

ञ) सदस्यबाट प्राप्त बचत, आवधिक निक्षेप र उनीहरूलाई दिइने ऋणमा व्याजदर निर्धारणको

लागि बचत तथा ऋण नीतिको तर्जुमा गर्ने,

ट) हरहिसाब सम्बन्धी विवरण प्रमाणित गर्ने,

ठ) संस्थाको प्रशासनिक कार्य गर्न कर्मचारी नियुक्ति गर्ने,

ड) संस्थाको सञ्चालन सम्बन्धमा आवश्यक सम्पूण कानुनी कार्यहरू गर्ने,

ढ) संस्थाको योजना र वार्षिक बजेट साधारण सभामा अनुमोदनको लागि पेस गर्ने,

ण) निर्वाचन उपसमिति गठन गर्ने,

त) आफनो कार्यावधि समाप्त हुनु अगावै नयाँ समितिको निर्वाचन गर्ने,

थ) साधारण सभाले निर्देश गरेका अन्य काम गर्ने,

द) संस्थाको आवश्यकता अनुसारको नीति, निर्देशिका, प्रविधि तथा कार्यविधि तयार पार्ने,

ध) आवश्यकता अनुसारका उपसमितिहरू गठन तथा विघटन गर्ने ।

**लेखा तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

१) बाह्य लेखा परीक्षकलाई परीक्षण कार्यमा सहयोग गर्ने ।

२) बाह्य लेखा परीक्षणको शुल्कको लागत तथा उपर्युक्तताको मूल्याङ्कन गर्ने तथा सम्पन्न भएको

३) लेखा परीक्षणको गुणस्तर मूल्याङ्कन गर्ने ।

४) बाह्य लेखा परीक्षकले दिएको प्रतिवदने पुनरावालोकन गर्ने ।

५) मासिक वित्तीय विवरणहरू पुनरावलोकन गर्ने ।

६) सञ्चालक समितिले नीतिगत विषयहरूमा गरेका निर्णयहरूको समीक्षा गरी आवश्यक सुझाव पेस गर्ने ।

७) लेखागत विषयमा पछिल्ला असल अभ्यासहरू तथा लेखामान (Standrad) को जानकारी राख्ने,

८) अवलम्वन गर्न सञ्चालक समितिलाई सुझाव दिने ।

९) समिति, उप-समितिको बैठक पुस्तिका पुनरावालोकन गर्ने ।

१०) संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई बुझाउने,

११) आर्थिक तथा प्रशासकीय काम कारवाही सम्बन्धी सम्पूर्ण कागजपत्रहरू प्रमाणित गर्ने,

१२) समिति र उपसमितिहरूले गर्नुपर्ने काम कारवाही संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन विस्तृत अनुसन्धान गर्ने,

१३) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरूलाई हानी नोक्सानी पुग्ने वा कुनै कुराको

अनुसन्धान कार्यमा सम्बन्धित पक्षबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरू संस्थामा तुरुन्त अवलम्वन गर्नुपर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने,

१४) लेखा सम्वन्धी प्रतिवेदन साधारण सभा समक्ष पेस गर्ने ।

१५) वार्षिक नीति कार्यक्रम तथा बजेटको परिधिभित्र रही कार्य भए नभएको हेर्ने ।

लेखा (सुपरिवेक्षण) समितिको पदावधि सञ्चालक समितिको पदावधि सरह नै हुनेछ । नयाँ समितिको गठन नहुञ्जेलसम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ र एउटै पदमा लगातार दुई पटक भन्दा वढी निर्वाचित हुन पाइने छैनन् ।

**सदस्यको काम, कर्तव्य र अधिकार :**

सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

क) जतिसुकै सेयर लिए तापनि एक व्यक्ति एक मतको आधारमा मताधिकार प्रयोग गर्ने ।

ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको प्रबन्धकीय कार्यमा भाग लिने ।

ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा व्याज प्राप्त गर्ने ।

घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा व्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

ङ) सदस्य एवं समूहको हितमा सञ्चालकहरूलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

च) संस्थामा गई आफ्नो पासवुक, बचत खाता, ऋण खाता लगायतका आर्थिक कारोवारको नियमित चेकजाँच गर्ने र शंका लागेमा हिसाव माग गर्ने ।

छ) संस्थाले गरेको कारोवार सहकारी ऐन, नियम र विनियम सम्मत छ छैन, नियमित तवरले चनाखो भई अवलोकन एवं अनुगमन गर्ने ।

ज) सहकारी संस्था र सदस्यहरूको हकहितमा प्रतिकूल असर पार्ने खालका काम कार्वाहीहरू सञ्चालक समिति वा अन्य समिति, उपसमितिहरूले गरेको पाइएमा स्पष्ट लिखित कारण सहित सहकारी ऐन, नियम र संस्थाको विनियम अनुसार गर्न गराउन विशेष साधारण सभा बोलाउन पहल गर्ने ।

झ) संस्थाको साधारण सभाहरूमा उपस्थित भई सभ्य तवरबाट छलफल एवं निर्णय प्रक्रियामा सक्रिय सहभागी हुने ।

ञ) सदस्य एवं संस्थाको हितमा सञ्चालकहरूलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

१) सदस्यको दायित्व आफूले लिएको सेयर रकमसम्म मात्र सीमित रहनेछ ।

२) संस्थाको विनियमको पालना गर्नु सम्पूर्ण सदस्यहरूको दायित्व हुनेछ ।

३१ औं वार्षिक साधारण सभा

# सञ्चालक समितिको तर्फबाट प्रस्तुत अध्यक्ष प्रतिवेदन



**चेतनाथ गौतम**
**अध्यक्ष**

यस जनसेवा बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणा लाई हार्दिकताका साथ  स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, संञ्चालक समितिका पदाधिकारी लगायत सदस्यज्यूहरू, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, बगर सेवा केन्द्र व्यवस्थापन उप-समितिका संयोजक एवं सदस्यज्यूहरू, उप समितिका संयोजक तथा सदस्यज्यूहरू सल्लाहकारज्यूहरू, आदरणीय सेयर सदस्यज्यूहरू, व्यवस्थापक तथा कर्मचारी मित्रहरू, उपस्थित सहकारीकर्मी महानुभावहरू सबैमा हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

नजिकै आइरहेको नेपालीहरूको महान् चाडहरू विजयादशमी, शुभ दिपावली, नेपाल सम्बत् र छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । "**एकको लागि सबै र सबैको लागि एक**" भन्ने मुल मन्त्रको आत्मसाथ गर्दै स्थापना भएको यस जनसेवा बचत तथा ऋण सहकारी संस्थाले आज ३१ औं बसन्त पार गरी आफ्नो युवा अवस्थामा प्रवेश गरेको छ। साविक पुरुन्चौर गा.वि.स मा बसोबास गर्ने सामाजिक व्यक्तित्वहरू, शिक्षक, कर्मचारी एवं किसान दाजुभाई तथा दिदिबहिनी हरूको भेलाबाट सहकारीको आवश्यकता महसुस गरी छरिएर रहेको पुँजीलाई संकलन गरी बचत गर्ने बानीको विकास गर्ने र सो संकलित रकम वाट सामान्य रुपमा आर्थिक आवश्यकता परिपुर्ती गरी सदस्यहरूलाई साहु महाजनको चंगुलबाट बचाउन, सदस्यहरूलाई आर्थिक तथा व्यवसायीक विकास गरी गरिवि निवारणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ ६८ जना सेयर सदस्यहरू बाट जम्मा ६८००। अक्षरुपी छ हजार आठ सय रुपैया सेयर पुँजी संकलन गरी सुरु गरिएको यस संस्था साविक पुरुन्चौर गा.वि.स कार्यक्षेत्र रहने गरी सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीमा २ नं. दर्ता भई आफ्नो कारोवार अगाडि बढाउदै आएको कुरा यहाँहरू सवैमा जानकारी नै  छ । म यस संस्था स्थापनामा पहल गर्नुहुने सम्पूर्ण महानुभावहरूमा साथै संस्थालाई आजको यस अवस्थासम्म ल्याई पुऱ्याउनका लागि पहल गर्ने सम्पूर्ण सहकारी अभियन्ताहरूमा आत्मैदेखि उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

यो वर्ष चुनाबी साधारण सभाको वर्ष रहेकोले सहकारीको द्रोस्रो सिद्धान्त सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण अन्तर्गत सबै सदस्यहरूले चुन्ने र चुनिन पाउने अधिकारको प्रयोग गरी योग्य, सक्षम, इमान्दार,

कर्तव्यनिष्ठ र स्वयंसेवी भावना भएका सामाजिक व्यक्तित्वहरूलाई नेतृत्व प्रदान गर्नुहुन अनुरोध गर्दछु।

आदरणीय सभासदज्यूहरू,

कोभिड १९ को कारण मिति २०७७ आश्विन २४ गतेदेखि कात्तिक ०१ गते सम्म साप्ताहिक रुपमा सञ्चालन भएको २८ औ साधारण सभाबाट निर्वाचित सञ्चालक समितिको गठन भई संस्था सञ्चालनको जिम्मेवारी प्राप्त भएको थियो। आदरणीय सेयर सदस्यहहरूले हामिलाई दिनु भएको जिम्मेवारी इमान्दारीपूर्वक पालना गर्दै संस्थालाई सवल रुपमा अगाडि बढाउन सक्दो प्रयास गरेको ब्यहोरा संस्थाको हालको अवस्था र २८ औ साधारण सभादेखि ३१ औं साधारण सभासम्म आई पुग्दासम्म संस्थाले प्राप्त गरेका उपलब्धिहरू नियालेर हेर्दा अवश्य नै स्पस्ट हुने नै छ ।

विभिन्न समयमा नेपाल सरकार सहकारी विभागले निर्दिष्ट गरेका मापदण्डहरूको पालना तथा नियमनकारी निकाय एवं छाता संगठनको निर्देशन अनुसार विभिन्न समयमा यहाँहरूबाट प्राप्त सुझाव संकलन गर्दै संस्थाको वार्षिक नीति तथा कार्यक्रम र बजेट यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न गई रहेका छौं। यस जनसेवा बचत तथा ऋण सहकारी संस्थाको मिति २०८० भाद्र १० गतेको सञ्चालक समितिको निर्णय अनुसार ३१ औं वार्षिक साधारण सभा सम्पन्न गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुमोदन तथा स्वीकृत गर्न आदरणीय सेयर सदस्यज्यूहरू माझ हामी उपस्थित भएका छौं।

हामीले संस्थाको जिम्मेवारी लिएसँगै सुरुका वर्षहरूमा विश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण असहज परिस्थितिको सामना गर्नु पर्‍यो। कोभिड १९ को असर विस्तारै कम हुदै गए पनि त्यसको प्रभाव व्यापार व्यवसाय र वित्तीय क्षेत्रमा अझै पनि रही रहेकोले सहज परिस्थितिको सृजना हुन सकेको छैन । त्यति मात्र हैन हाल केही सहकारी संस्थाहरूमा देखिएको विषम परिस्थितिको कारण केही सहकारीहरूले बचत कर्ताको निक्षेप फिर्ता गर्न नसकेको, सहकारीका सञ्चालकहरू फरार रहेको , केहि जेलको कोठरीमा दिन काटि रहेको, केहि सहकारीहरूले संस्थामा आउने सदस्यहरूको माग सम्वोधन गर्न नसकिरहेको अवस्थामा हाम्रो संस्थालाई त्यो वातावरणले नछोओस् भन्ने आकांक्षा लिदा लिँदै पनि सबै सहकारीहरू उस्तै हुन् भन्ने मिडियाबाजी भावनालाई हाम्रो सहकारीमा पर्न नदिन हामी सबैको भरमग्दुर प्रयास रह्यो, जसको कारण हाम्रो संस्था सहज र सवल रुपमा आफ्नो कारोवार गर्न सफल भएको महसुस गरेका छौं।

यति मात्र होईन विश्व वजारमा आएको आर्थिक मन्दीले वित्तीय संस्थामा देखिएको तरलताको अभावको कारण ऋण लगानी र असुलीमा पनि केहि असर पर्न गयो । यस्तो प्रतिकूल अवस्थामा पनि हाम्रो यस संस्थाले साविक दिइरहेको सेवामा कति पनि विचलन नल्याई कारोवारको निरन्तरको साथै समय सापेक्ष परिमार्जीत र परिस्कृत सेवा दिई रहेका छौं। यो सव सञ्चालक तथा व्यवस्थापनको सक्रियता र प्रयास अनि आदरणीय सेयर सदस्यहरूको अनुशासित कारोवारको कारण सहज रुपमा संस्था अगाडि बढाउन सकिएको छ।

नेपाल सरकार सहकारी विभाग र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (NEFSCUN) ले सञ्चालनमा ल्यायको नेपाल स्तरको "**पुर्ण तथा व्यवसायीक साकोस विकास कार्यक्रम** (**प्रोवेसन (Programme for building ablosute and professionalizartion (PROBATION)**" मा संस्था आवद्ध भै कास्की जिल्लाकै पहिलो **PROBATION Brand** प्राप्त गर्ने सहकारी संस्था, सो प्राप्त Brand लाई दोस्रो पटक पनि निरन्तरता दिन सफल भएका छौ । यस वर्ष पनि प्रोबशनको ब्रान्डको लागि अन्तिम परीक्षण गराउन पनि अगाडि बढेका छौ । हाम्रो संस्था विगत वर्षमा गण्डकी प्रदेशकै उत्कृष्ट संस्थाको रुपमा सम्मानीत भएको थियो । नेफ्स्कुनको ३६ औं स्थापना दिवसको उपलक्ष्यमा हाम्रो संस्थामा कार्यरत व्यवस्थापक प्रेमसागर अधिकारी गण्डकी प्रदेशको उत्कृष्ट व्यवस्थापकको रुपमा सम्मानित भनेर घोषणा भइसकेको कुरा यहाँहरू समक्ष जानकारी गराउँदछु । सक्षम व्यवस्थापकले व्यवस्थापनको जिम्मा लिएर संचालित हाम्रो यस सस्थाको गरिमा र साखमा थप वृद्धि भएको छ ।

संस्था नेपाल स्तरको गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यक्रममा मात्र सीमित नभई अझ प्रभावकारी सेवा मुखी र अझै सवल बनाउन एसियाली ऋण महासंघको Balance Score card मा आधारित वित्तीय सहकारीको जोखिम व्यवस्थापनका लागि विकास गरिएको गुणस्तरीय सुनिश्चतताको कार्यक्रम ACCESS (A-ONE COMPETITIVE CHOICE FOR EXCELLENTE IN SERVICE AND SOUNDNESS) मा मिति २०७७/११/०२ गते नेफ्स्कुनका प्रतिनिधि र संस्थाका पदाधिकारीहरू बिच सम्झौता गरी ACCESS कार्यक्रममा पनि अभ्यासरत छौं र सोहीअनुसार आफ्नो कार्य अगाडि बढाइरहेका छौं ।

हाम्रा सेयर सदस्यहरू अन्य वित्तीय संस्थामा जानबाट रोक्नका लागि समय सापेक्ष व्याजदरमा परिमार्जन गरी सेवालाई छिटो छिरितो, र प्रतिस्पर्धी बनाउनका लागि व्यवस्थापकलाई रु.१० लाख सम्मको लगानी गर्ने अधिकार प्रदान गरिएको छ भने आफ्नो बचतको ८० प्रतिशत ऋणमा ३ प्रतिशत मात्र व्याज थप लिने गरी लगानी गर्ने व्यवस्था मिलाइएको छ । सदस्यको तिर्न सक्ने क्षमता र उद्देश्यको राम्रो विश्लेषण गरी सुरक्षित रुपमा ऋण लगानी, कारोवारी सदस्यहरूको अनुशासीत ब्यवहारले संस्थाको ऋण असुलीमा सन्तोष जनक नै रहेको छ । सदस्यहरूलाई न्युनतम वित्तीय लागतमा छिटो छरितो र सर्वसुलभ सेवा दिने हाम्रो अभिलाषा रहे तापनि वित्तीय बजारमा आएको तरलता अभावको कारणले संस्थाको वित्तीय लगानीमा केही वृद्धि हुन गै संस्थाले प्रदान गर्ने वस्तु तथा सेवाको मूल्यमा समय सापेक्ष परिवर्तन गर्नुपर्ने बाध्यताबाट हाम्रो यस संस्था पनि अछुतो रहन सकेन । यद्यपि सदस्यहरूको हितलाई ध्यानमा राख्दै तिर्न सक्ने सक्षमता, आय आर्जनको क्षमता, सदस्यको आर्थिक अवस्थाको मूल्याङ्कन लाई समेत ध्यान दिई सरकारले कायम गराएको सन्दर्भ व्याजदरको परिधिभित्र रही संस्थाले सदस्यहरूको माझ बचत तथा ऋण प्रवाह गर्न सेवाहरू निरन्तर दिई रहेको ब्यहोरा यहाँहरू समक्ष जानकारी गराउँदछु ।

आदरणीय सभासद मित्रहरू,

संस्थाको गहना भनेकै सेयर सदस्यहरू नै हुनुहुन्छ । जति सेयर सदस्यको संख्या वृद्धि हुदै जान्छ त्यति

नै संस्थाको पुँजीमा पनि वृद्धि हुदै जाने हुनाले सेयर सदस्य संख्या वृद्धि  गर्न संस्थाको कार्यक्षेत्र पनि विस्तार गर्दै लगिएको  छ। हाल पोखरा महानगरपालिका का ९ ओटा वडाहरू १,२,३,४,५,११,१६,१९,२५ मा कार्य क्षेत्र रहेकोमा अन्य थप १० ओटा वडामा कार्यक्षेत्र विस्तारको लागि प्रक्रृया अगाडि बडेको छ। सेयर सदस्यहरूलाई सहज होस् भनी सम्बन्धित निकायबाट पोखरा १ बगरमा सेवा केन्द्र सञ्चालन गर्न अनुमति प्राप्त भएपछि मिति २०७९ असोज १० गतेबाट सेवा केन्द्रबाट कारोबार सुरु गरिएको छ र सो सेवा केन्द्रमा हाल २०० जनाले सेयर सदस्यता लिनु भएको छ  भने कारोबार २.५ करोड पुगेको छ।

संस्थालाई समय सापेक्ष सञ्चालन गर्न कर्मचारीको मनोवल उच्च राख्न संस्थाको क्षमता र विकास अनुसार कर्मचारीहरूको सेवा सुविधामा समय सापेक्ष परिमार्जन गर्दै संस्थाको मानव संसाधन व्यवस्थापन नीतिमा व्यवस्था भए अनुसार मिति २०८० साउन १० गतेको सञ्चालक समितिको बैठकको निर्णय वमोजिम कर्मचारीहरूको आधारभुत तलवमानको आधारमाप्रति कर्मचारी १० प्रतिशत देखि १५ प्रतिशत सम्म प्रोत्साहन भत्तामा वृद्धि गरिएको छ। आधारभुत तलव वृद्धिको लागि बजेटमा व्यवस्था भए पनि तलवमान वृद्धि गरिएको छैन।

नेपाल सरकार सहकारी विभागबाट विभिन्न समयमा जारी गरेको निर्देशन, सहकारी ऐन २०७४  तथा पोखरा महानगरपालिका सहकारी ऐन २०७५ को परिच्छेद ६ को दफा २९ को उपदफा ५ मा  कुनै पनि तहको सरकारको कर्मचारी, शिक्षक, बैंक तथा वित्तीय संस्थाको कर्मचारी र सञ्चालक एवं जन प्रतिनिधिहरू सहकारी संस्थाको सञ्चालक, लेखा सुपरिवेक्षण समिति र कर्मचारीको रुपमा बस्न नपाउने व्यवस्थाा भए वमोजिम हाम्रो यस संस्थाका उपाध्यक्ष गोविन्द प्रसाद पौडेलले आफ्नो पदबाट मिति २०७९ कार्तिकमा दिनु भएको राजिनामा २०८० असोज ०६ गतेको पूर्ण बैठकबाट स्वीकृत गरिएको छ।

आदरणीय सभासद मित्रहरू

हामीले जिम्मेवारी लिएबाट संस्थाका सबै सुचकाङहरू धनात्मक रहेको कुरा लेखा प्रतिवेदन र कोषाध्यक्षको प्रतिवेदन बाट प्रष्ट हुने नै छ। संक्षेपमा आ.व.०७७/०७८ देखि ०७९/०८० सम्मको वित्तीय विवरण यहाँहरू माफ्त प्रस्तुत गर्न चाहान्छु।

| क्र.स. | शिर्षक | आ.ब. ०७६/०७७ | आ.ब. ०७९/०८० | वृद्धि प्रतिशतमा | कै. |
|---|---|---|---|---|---|
| १ | सदस्य सख्या | १७६२ | २२१४ | २५.६५ | |
| २ | सेयर रकम | २४५१३७०० | ३३१७३२०० | ३५.३३ | |
| ३ | बचत रकम | १८०५३८४३२.८ | २६३०८३९२४.५ | ४५.७२ | |
| ४ | संस्थागत पुँजी | १२५५८६६९ | २३०१६७४९ | ८३.२७ | |
| ५ | ऋण लगानी | १८०९८८९१०.४ | २६७००५८११.३ | ४७.५३ | |
| ६ | कुल सम्पति | २३३९७९८७२.७ | ३३४२८६१०८.२ | ४२.८७ | |
| ७ | कुल नाफा | ८८२१२२१.०० | १२४३१८३८.४ | ४०.९३ | |

२०७० साल बैशाख २६ गते राति संस्थामा भएको चोरी घटनाको सत्य तथ्य हालसम्म पनि पत्ता लगाउन सकिएको छैन । सो चोरी केस अनुसन्धानकै दायरामा रहेको छ । चोरी घटनाको बारेमा सत्य तथ्य पत्ता लगाई दोषीलाई कानुनी कठघरामा ल्याउनु हामी सबैको दायित्व रहेकोले चोरी सम्बन्धी कुनै पनि साना भन्दा साना दसी प्रमाण भेटिए भने सम्वन्धीत सुरक्षा निकायमा गोप्य रुपमा खवर गरी अनुसन्धानलाई थप सहयोग पुऱ्याईदिनु हुन पनि अनुरोध गर्दछु ।

संस्था सञ्चालन गर्दै जाने दौडानमा केहि दुखद क्षणहरू पनि आई परे । यसै अवधिमा संस्थाका आदरणीय सेयर सदस्यहरू स.न ६६२ की बिष्णुकुमारी गौतम, स.न.२२ का मेघबहादुर अधिकारी, स.न.७८३ लक्ष्मी पौडेल, स.न. ४५१ महेश्वर गौतम, स.न. ७४२ बलराम गौतम, स.न १२३८ ध्यान श्री गुरुङ, स.न २१६१ टिकाराम पौडेल, स.न ९०४ देउमाया अधिकारी, स.न. ७६० ढाकामोहन गिरी, स.न.५७० धनपति पौडेल, स.न. २६३२ देबेन्द्रराज गौतम, स.न.२५७० सिर्जना आचार्य (रेग्मी) स.न.८९६ डम्बरबहादुर अधिकारी हामी माझ रहनु भएन । म सर्व प्रथम स्वर्गीय आत्माहरू प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना समेत प्रकट गर्दछु । संस्थाको सदस्य रहतकोष नीति अनुसार स्वर्गीय व्यक्तिहरूका परिवारजनलाई भेटी स्वरुप राहत उपलव्ध गराइएको छ । यस आ. व. मा एकाघर परिवारमा १३ जना सेयर सदस्यको घर परिवारमा भेटीप्रदान गरिएको जानकारी गराउदछु ।

आदरणीय सेयरधनी महानुभावज्यूहरू संस्थाको ३० औं साधारण सभाबाट स्वीकृत कार्यक्रमहरू सम्पन्न गर्नु पर्ने हामी सबैको साझा दायित्व हो । निर्धारित कार्यक्रमहरूमध्ये धेरै सम्पन्न भएका छन भने कतिपय कार्यक्रमहरू सम्पन्न हुन बाँकी छन् । बाँकी रहेको कार्यक्रमहरू क्रमशः प्राथमिकताको आधारमा पुरा गर्दै लगिने प्रतिवद्धता यस सम्मानित साधारण सभासमक्ष व्यक्त गर्न चाहान्छु । विगत साधारण सभाबाट स्वीकृत भएका कार्यक्रमहरू मध्येबाट निम्न वमोजिमका कार्यहरू सम्पन्न भएको जानकारी गराउँन चाहन्छु ।

१) गत आ.व. मा ५०० जना सेयर सदस्य वृद्धि गराउने लक्ष्य राखिएकोमा जम्मा २६८ जनाले मात्र सदस्यता वृद्धि भएको ।

२) संस्था र सदस्यलाई प्रविधिमैत्री बनाउँदै लागिने मोवाईल बैंकिङ सेवा उपयोग गर्न सक्ने सबै सदस्य माझ पुऱ्याउने लक्ष्य राखिए तापनि हाल न्यून मात्रामा उपयोग भएको छ । उपयोग गर्न सक्ने सबै सदस्यहरूलाई जनसेवा साकोसको मोवाईल बैंकिङ सेवा उपयोग गर्न आग्रह गर्दछु ।

३) सहकारी सहकारी विच असल अभ्यास आदान प्रदान एवं नवीनतम ज्ञानहरूका बारेमा जनकारी लिन र संस्थामा प्रयोगमा ल्याउन सदस्यहरूलाई उद्यमी बन्न प्ररित गर्नका लागि ३ तहको सदस्य अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएकोमा नियमित सेयर सदस्य अवलोकन भ्रमण र जेष्ठ सदस्य तीर्थ भ्रमण कार्यक्रम सम्पन्न भएको छ, आगामी वर्ष पनि निरन्तरता दिइने

छ।

४) नेपाल सरकार युवा स्वरोजगार कोषबाट प्राप्त गर्नुपर्ने अनुदान व्याजका लागि सम्बन्धित कार्यालयमा आवश्यक सबै कागजपत्रहरू पेस गरिएको छ।

५) ऋण नीति अन्तर्गत नियमित बचत धितो राखी ऋण लिएमा बचतमा दिदै आएको बचतको व्याजमा ३ प्रतिशत थप गरी ऋण लगानी गर्ने नीति लिइएकोमो यस्तो ऋणमा सदस्यहरूको आकर्षण बढेको पाइएको छ। जसका कारणले गर्दा नियमित बचत फिर्ताको दरमा कमी आएको छ।

६) कर्मचारी प्रशासन नियमावली संसोधन गरी कर्मचारीलाई घर विदा बापत दिँदै आएको विदाबाट कट्टाहुने गरी हरेक वर्षमा ५ दिन अनिवार्य विदा दिइने कार्यको थालनी गरिएको छ।

७) १५ वर्षसम्म नियमित बाल बचत जम्मा गर्ने बाल बचतकर्तालाई सस्थाको सेयर सदस्यता लिदा औषत बचत रकमको २ प्रतिशत सेयर सस्थाले प्रोत्साहन स्वरुप उपलब्ध गराउन कार्यक्रम रहेकोमा यस वर्ष १६ जना बाल बचत कर्ताहरूले सेयर सदस्यता लिँदा १५४ थान सेयर प्रोत्साहत स्वरुप उपलब्ध गराइएको छ।

८) आगामी दिनहरूमा संस्थामा नेतृत्व लिन चाहाने व्यक्तिहरूको लागि पुर्व नेतृत्व अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने नीति लिइए बमोजिम सञ्चालक समितिको मिति २०७९ फागनु १० गतेको बैठकको निर्णय अनुसार सुचना प्रकाशित गरी नेतृत्व विकास अभिमुखीकरण कार्यक्रमको लागि आवेदन फारमको विकास गरी दरखास्त आब्हान गरिए तापनि अति नै न्यून मात्रामा निवेदन प्राप्त हुन आएकोले कार्यक्रम सञ्चालन हुन नसकेको।

९) सहकारी नियमनकारी निकाय पोखरा महानगरपालिकाबाट पोखरा १ बगरमा रहने गरी १ सेवा केन्द्र स्वीकृत दिएको अवस्थामा छिट्टै नै सेवा केन्द्र स्थापना गरी कारोवार अगाडि बढाउने कार्यक्रम रहेकोमा मिति २०७९ असोज १० गते देखि सेवा केन्द्रको शुभारम्भ भई सञ्चालनमा आएको छ।

१०) संस्थाको कार्यक्षेत्र साघुरो भएको र माछापुच्छ्रे गाउँपालिकाका व्यक्तिहरूले सदस्य बन्नको लागि इच्छा जाहेर गरेकोले माछापुच्छ्रे गाउँपालिकामा कार्यक्षेत्र विस्तारको लागि प्रकृया अगाडि बढाउने लक्ष्य रहे पनि पोखरा महानगरपालिकाका सबै वडाहरू कार्यक्षेत्र भएपछि मात्र गाउँपालिकामा कार्यक्षेत्र पाइने हुँदा हाल उक्त काम अगाडि बढ्न सकेको छैन।

११) बगर सेवा केन्द्र सञ्चालनको लागि २ जना नयाँ कर्मचारी थप गरिएको र सेवा केन्द्र प्रमुखमा मुख्य कार्यालयबाट नै व्यवस्थापन गरिएको छ।

१२) मासिक बचत रु.२००।- लाई परिमार्जन गरी ५००।- कायम गराउने लक्ष्य राखिएकोमा ८० प्रतिशत कार्यान्वयन भएको छ।

१३) नयाँ सेवा केन्द्रबाट सदस्यता लिने सदस्यहरूलाई अनिवार्य रुपमा सदस्य शिक्षा कार्यक्रम

सञ्चालन गर्ने लक्ष्य राखिएकोमा यस आ.व. १ ओटा मात्र सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

१४) संस्था स्थापना दिवसको उपलक्ष्यमा संस्थापक सेयर सदस्यहरूलाई सम्मान गरिएको छ।

१५) २५ प्रतिशत सदस्यहरूलाई सदस्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिए तापनि भेगिए रुपमा सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरियो र यस आ.ब.मा १२७ जना सदस्यहरूलाई सदस्य शिक्षा प्रदान गरिएको छ।

१७) प्रस्तावित नीति तथा कार्यक्रमहरूको प्रत्येक त्रैमासिक रुपमा समीक्षा गर्ने गरिएको थियो जस अन्तर्गत २०७९ मंसिर १० गते, २०७९ माघ २१ गते, ०८० वैशाख १६ गते, २०८० साल साउन २० गते समीक्षा गरिएको थियो। साथै २०८० असार २३ गते आ.व.०८०/०८१ को नीति कार्यक्रम तथा बजेट तर्जूमा गोष्ठी गरिएको थियो।

१८) घर दैलो कार्यक्रम सञ्चालन गरी सदस्यता विस्तारको कार्यक्रमलाई प्राथमिकता दिइएको छ। घुम्ती बचत कार्यक्रम सुरुवात गरिएको छ।

१९) कुल ऋणको २० प्रतिशत कृषिमा लगानी गर्ने लक्ष्य राखिएकोमा सदस्यहरूको न्युन मागको कारण कृषि र पशुपालनमा ऋण १० प्रतिशत मात्र लगानी गरिएको छ।

२०) संस्थामा कारोवार गर्ने बाल बचत कर्ताहरूका अभिभावकले बाल बचत खातामा व्याज दर कम भएको तथा रकम जम्मा कर्ताले चाहेको समयमा झिक्न पाउनुपर्ने माग राख्दै मिति २०७९ माघमा संयुक्त निवेदन दिनु भएकोमा सम्बन्धित बाल बचतकर्ताका अभिभावकहरू र संस्थाका पदाधिकारीहरू बिच छलफल भई बजार दर अनुसार अन्य बचतको तुलनामा व्याजदरमा वृद्धि गरिएको छ। हाल बजार दर अनुसार बाल बचत खातामा वार्षिक ९।५० प्रतिशत व्याजदर कायम गरिएको छ।

आदरणीय महानुभावहरू :

आगामी आर्थिक वर्षको लागि देहायका नीति तथा कार्यक्रमहरू सञ्चालन गर्नको लागि अनुमति दिनुहुन आग्रह गर्दछौं।

## आ.व. २०८०/०८१ का नीति तथा कार्यक्रमहरू :

१) सदस्य सख्या ५०० जनाले वृद्धि गर्ने।

२) ५०० जना सदस्यलाई सदस्य शिक्षा प्रदान गर्ने कम्तीमा महिनाको १ पटक सदस्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

३) संस्थाको कुल सम्पति ४० करोड, बचत रकम ३१ करोड र ऋण लगानी ३२ करोड पुर्याइने छ।

४) मोबाइल बैंकिङ सेवा उपयोग गर्न सक्ने सबै सेयर सदस्यहरूलाई सहभागी गराइने छ।

५) संस्थागत पुँजीँ कुल सम्पतिको ६.५ प्रतिशत अर्थात  २ करोड ६० लाख पुऱ्याईने छ।

६) सेयर सदस्यहरूलाई आगामी वर्ष कम्तीमा १४ प्रतिशत सेयर लाभांस वितरण गर्ने लक्ष्य राखिएको छ।

७) संरक्षित पुँजी फिर्ताकोषबाट सदस्यहरूलाई बचतमा प्राप्त गरेको व्याजको आधारमा ४.४१ प्रतिशत र ऋणमा तिरेको व्याजको आधारमा ३.५८ प्रतिशतका दरले संरक्षित पुँजी फिर्ताकोष बाट सदस्यहरूलाई वितरण गरिने छ।

८) सदस्यता नीति संसोधन गरी निस्कृय सदस्यहरू व्यवस्थापन गर्ने कार्यको थालनी गरिने छ।

८) सदस्य राहतकोष संसोधन गरी योगदानमा आधारीत राहत कार्यक्रम सञ्चालन गरिने छ।

९) माछापुच्छ्रे गा.पा. मा संचालित राम्रो कारोबार भएको सहकारी सस्थासँग मर्जरका लागि छलफल अगाडि बढाइने छ।

१०) संस्थाको आफ्नै आयोजना र व्यवस्थापनमा रक्तदान स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिने छ। जसको कुल खर्चको ४० प्रतिशत सामुदायीक विकास कोषबाट खर्च गरिने छ।

११) बगर सेवा केन्द्रको सेयर सदस्य र बचत वृद्धिको लागि १ जना बजार प्रतिनिधि कर्मचारी थप गरीने छ।

१२) संस्थाको नयाँ रणनीतिक योजना निर्माण गरिने छ।

१३) संस्थागत विकास र सञ्चालकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ जसमा कुल खर्चको २० प्रतिशत खर्च सहकारी शिक्षा कोषबाट गरिने छ।

१४) महिलाहरूको लागि व्यवसायिक तालिम सञ्चालन गरिने छ। जसमा कुल खर्चको ५० प्रतिशत सहकारी शिक्षा कोषबाट खर्च गरिने छ। भने कुल खर्चको २० प्रतिशत सहभागीबाट संकलन गरिने छ।

१५) महिलाहरूलाई लक्षित गरी स्वास्थ्य सचेतना तथा उद्घोषण कला तालिम सञ्चालन गरिने छ।

१६) मौलिकताको जगेर्ना गर्ने उद्देश्यले कार्यक्षेत्र भित्रका सहभागी विच सांस्कृतिक कार्यक्रम सञ्चालन गरिने छ।

१७) सवै सञ्चालकहरूलाई अनिवार्य रुपमा पर्ल्स र सहकारी व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ ।

१९) कृषि क्षेत्रमा लागानी हुने ऋणलाई परियोजनाको आधारमा विशेष प्राथमीकता र व्याजदरमा सहुलियत प्रदान गरिने छ।

२०) बिमा कम्पनिहरूसँगको सहकार्यमा सदस्यहरूमा लगानी भएको विना धितो र लघु ऋणको विमा गर्ने कार्यलाई अगाडि बढाइने छ। जसको लागत स्वयम् सदस्यको हुने छ।

२१) संस्थामा युवाहरूको सहभागितामा वृद्धि गर्न यस वर्ष युवा सम्बन्धी कार्यक्रम सञ्चालन गरीने छ।

२२) संस्थामा आवद्ध सबै सदस्यहरूलाई औषत सेयर रकम कायम गराउन पहल गरिने छ।

२१) साधारण सभामा दिदै आएको खाजा र यातायात खर्चबाट केहि प्रतिशत लागत ब्यर्होने गरी सबै सदस्यहरूको विमा कार्यक्रम सञ्चालन गर्नको लागि राय पेस गरिएको छ।

२२) आ.ब. ०८०/०८१ मा कम्तीमा ४ ओटा विद्यालय स्तरीय वित्तीय साक्षरता कार्यक्रम संञ्चालन गरिने छ।

२३) बाल बालिकाहरूलाई वित्तीय साक्षरता तथा (स्टेशनरी) कपि पेन्सिल वितरण कार्यक्रम सञ्चालन गरिने छ।

२४) आ.ब. ०८०/०८१ मा लगानी भएको ऋणको उद्देश्य र परियोजनाको सदुपयोगिता निरीक्षण गरिने छ।

२५) संस्थाको स्थापना दिवसको अवसरमा विविध कार्यक्रम गरी मनाईने छ।

२६) संस्थामा कार्यरत कर्मचारी, सञ्चालक, तथा अन्य उप समितिलाई समयानुकुल तालिम सञ्चालन गरिने छ।

२६) संस्थाका सञ्चालक पदाधिकारी तथा कर्मचारीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार हरूमा सहभागी गराउने कार्यलाई निरन्तरता दिइने छ।

२७) युवा सेयर सदस्यहरूलाई उद्यमी बनाउने नेपाल सरकार युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट ऋण माग गरी सदस्यहरूलाई उद्यमी बनाउने कार्यलाई अगाडि बढाइने छ।

२८) एक वर्ष भन्दा बढी समय भाखा नाघेको ऋण शुन्य पार्ने रणनीति लिइएको छ भने कुल ऋण मा भाखा नाघेको ऋण २ प्रतिशत भन्दा कम गराउने लक्ष्य राखिएको छ।

२९) ऋणको व्याजदर निर्धारण गर्दा बजार दर र सन्दर्भ व्याजदर सँग सँगै ऋण भुक्तानी तालिका अनुसार मासिक किस्ता, त्रैमासिक किस्ता, मासिक व्याज त्रैमासिक किस्ताका आधारमा ऋणको व्याजदर निर्धारण गरिने छ। नोटः १ महिना भन्दा बढी समय भाखा नाघेको ऋणको लागि सहकारी विभागले कायम गरेको सन्दर्भ व्याजदरको उच्चतम अंक साथै संस्थाको नियम अनुसारको हर्जना कायम गरिने छ।

अन्त्यमा संस्थाको उन्नति र प्रगतिमा सहयोग सद्भाव माया गर्नुहुने १९ नं वडा कार्यालय, पोखरा महानगरपालिकाको कार्यालय , जिल्ला सहकारी संस्था, जिल्ला बचत संघ, नेफ्स्कुन लगायतका विभिन्न निकायका विशिष्ट व्यक्तिहरू लगायत कर्मचारी वर्ग, विभिन्न उपसमितिका पदाधिकारीहरू, सम्पूर्ण सेयरधनी सदस्यज्यूहरू लगायत सम्पूर्णमा कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दै "**संस्था रहे हामी रहन्छौ**" भन्ने सकारात्मक सोंच र भावनाबाट सबैले समुदायको पहिलो रोजाइको विश्वसनीय सहकारी संस्था बनाउन पहल गर्नुहुने छ भन्ने विश्वासका साथ यहाँहरूबाट बिदा हुन्छु।

२०८० असोज २० गते, शनिबार

धन्यवाद, जय जनसेवा
जय सहकारी।

३१ औं वार्षिक साधारण सभा

# सञ्चालक समितिको तर्फबाट सचिवद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन



**दानबहादुर भुजेल**
**सचिव**

आदरणीय ३१ औं साधारण सभाका अध्यक्ष महोदय,

प्रमुख अतिथि, आमन्त्रित अतिथिहरू, सल्लाहकार समिति, सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षेण समिति, पत्रकार,अन्य उप–समितिका पदाधिकारी साथीहरू व्यवस्थापक एवं कर्मचारी मित्रहरू एवं सम्पूर्ण सेयर सदस्यहरूका साथै बाल बचत कर्ता भाई बहिनीहरूमा न्यानो स्वागत तथा अभिवादान ।

संस्थाले सेवा सुरु गरेको ३१ औं वर्ष पुरा गरी सकेको छ । विगतका वर्षहरूमा जस्तै संस्थाले सम्पूर्ण सेयर सदस्यहरू एवं शुभेच्छुकहरूबाट संस्थाप्रति देखाएको विश्वास सदभाव सहयोग र सौहार्दताले गर्दा नै संस्था आज यो अवस्था सम्म आई पुगेको कुरा यहाँहरूसमक्ष अवगत गराउन चाहान्छु ।

संस्थामा सुशासन, वित्तीय अनुशासन पारदर्शिता मितव्ययिता कायम गरी सहकारी सञ्चालनका लागि निर्दिष्ट गरिएका आचरण एवं सिद्धान्तलाई पुर्ण रुपमा पालना गरिएको छ । सहकारी क्षेत्रमा देखा परेका विसङ्गति र जोखिमहरूप्रति संस्था सदा सजग र सर्तक रहेको छ । भविष्यमा समेत सदा प्रयासरत रहने छ । संस्था सञ्चालनका लागि विभिन्न नियमावली एवं कार्यविधिहरूको परिधि भित्र रही पारदर्शी रुपले छिटो छरितो तवरले अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय सेवाहरू प्रदान गरिएको छ । सेवा र प्रविधिमा यस संस्थालाई प्रोबेशन ब्राण्डसहित एक उत्कृष्ट सहकारी  संस्थाको रुपमा स्थापित गर्न सफल भएका छौं । साथै गण्डकी प्रदेशको उत्कृष्ट सहकारी र गण्डकी प्रदेशकै उत्कृष्ट व्यवस्थापकको उपादेहिता समेत प्राप्त गरेको जानकारी गराउँदछौं ।

आदरणीय सेयर धनी महानुभावहरू ACCESS मा अभ्यासरत हाम्रो यस संस्थाले यस वर्ष भरी गरेका संस्थागत व्यवस्थापकीय गतिविधि, प्रसाशनिक गतिविधि, सञ्चालक समितिबाट भएका महत्वपूर्ण निर्णयहरू यहाँहरू समक्ष राख्ने अनुमति चाहान्छु ।

हाम्रो संस्थाको आ.व. ०७९/०८० को समिति उप समितिहरूको बैठक विवरण यहाँ उल्लेख गर्न चाहान्छु ।

## सञ्चालक समितिको बैठक विवरण: बैठक संख्या १६

| सञ्चालक समितिको नामावली | पद | महिना | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ४ | ५ | ५ | ५ | ६ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १ | २ | ३ | ३ |
| चेतनाथ गौतम | अध्यक्ष | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| गोविन्द प्रसाद पौडेल | उपाध्यक्ष | √ | √ | √ | √ | √ | √ | - | - | - | - | - | - | - | - | - | - |
| दानबहादुर भुजेल | सचिव | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | - | √ | √ | √ | √ | √ | √ |
| टिकाराम आचार्य | कोषाध्यक्ष | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| विष्णु कु. आचार्य पौडेल | सदस्य | √ | √ | √ | | √ | √ | √ | - | √ | √ | √ | √ | √ | | √ | √ |
| मुना वराल गौतम | सदस्य | √ | √ | √ | √ | √ | - | √ | √ | √ | √ | - | - | - | √ | √ | √ |
| आनन्द श्रेष्ठ | सदस्य | √ | - | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | | √ | √ | √ | √ |
| राम वहादुर नेपाली | सदस्य | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| अम्विका ढुङ्गाना | सदस्य | √ | - | √ | √ | √ | √ | √ | √ | - | - | √ | √ | √ | √ | √ | √ |
| राम गिरी | सदस्य | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| राम्जी के.सी. | सदस्य | √ | √ | - | √ | - | √ | √ | √ | √ | √ | √ | - | √ | √ | √ | √ |

## ऋण उप समिति बैठक संख्या १७

| ऋण उप समितिको नामावली | पद | महिना | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ४ | ४ | ५ | ६ | ७ | ८ | ८ | ९ | १० | ११ | १२ | १२ | १२ | १२ | २ | २ | ३ |
| टिकाराम आचार्य | संयोजक | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| विष्णु प्रसाद अधिकारी | सदस्य | √ | √ | √ | √ | √ | - | - | √ | √ | √ | - | √ | √ | √ | - | - | √ |
| माधव प्रसाद पौडेल | सदस्य | √ | √ | √ | √ | √ | √ | √ | √ | - | √ | √ | √ | √ | √ | √ | √ | - |
| दोलनाथ बाँस्तोला | सदस्य | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | - |
| आनन्द अधिकारी | सदस्य | √ | √ | √ | - | √ | √ | √ | - | √ | √ | √ | √ | √ | - | √ | √ | √ |

## लेखा तथा सुपरिवेक्षेण समिति: बैठक संख्या ४

| लेखासमितिको नामावली | पद | ०७९ साउन | ०७९ कार्तिक | ०७९ कार्तिक २२ | ०७९ माघ २८ |
|---|---|---|---|---|---|
| ठाकुर प्रसाद रेग्मी | संयोजक | √ | √ | √ | √ |
| बद्रिराज पौडेल | सदस्य | √ | √ | √ | √ |
| कुशल गिरी | सदस्य | √ | √ | √ | √ |

## सदस्य राहतकोष व्यवस्थापन उप–समिति बैठक संख्या २

| उप समितिको नामावली | पद | कार्तिक | जेष्ठ |
|---|---|---|---|
| चेतनाथ गौतम | संयोजक | √ | √ |
| लिलाधर अधिकारी | सदस्य | √ | |
| माधव प्रसाद पौडेल | सदस्य | √ | √ |
| रमेश के.सी. | सदस्य | - | - |
| आनन्द श्रेष्ठ | सदस्य | √ | √ |

**शिक्षा उप समितिको बैठक संख्याः ४ ओटा**

| उप समितिको नामावली | पद | साउन | भदौं | पुष | चैत्र |
|---|---|---|---|---|---|
| विष्णु कुमारी आचार्य पौडेल | संयोजक | १ | १ | १ | १ |
| धनन्जय आचार्य | सदस्य | १ | १ | १ | १ |
| शिव प्रसाद ढुङ्गाना | सदस्य | १ | १ | १ | १ |

**महिला उप समितिको बैठक संख्याः बैठक बसेको छैन ।**

## सांगठनिक संरचनाः

*कर्मचारी सांगठनीक संरचना*

**व्यवस्थापक** — ६ देखी ७ औं तह

| बचत शाखा | ऋण शाखा | आर्थिक प्रशासन | बजार प्रवर्धन शाखा |
|---|---|---|---|

| शाखा प्रमुख | पाँचौ तह |
|---|---|
| बरिष्ठ सहायक | पाँचौ तह |
| सहायक | चौथा तह |
| सहयोगी | श्रेणी विहिन |
| सुरक्षा गार्ड | श्रेणी विहिन |

अब म यहाँहरू समक्ष संस्थाले यस आ.ब.मा गरेका महत्वपूर्ण निर्णयहरू राख्ने अनुमति चाहान्छु ।

१) मितिः २०७९ असोज २२ गते, संस्थाको मावन संसाधन व्यवस्थापन नीतिको तेस्रो संसोधन २०७६ को सेवाको किसिम सम्बन्धी दफा २.३ मा भएको व्यवस्था अनुसार बगर सेवा केन्द्र कार्यालय सञ्चालनका लागि सधारण सभाद्वारा स्वीकृत दरबन्दीहरूबाट मासिक ज्यालादारी रुपमा कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो । जस अर्न्तगत कर्मचारी व्यवस्थापन गर्न मिति २०७९ असार २५ गते संस्थाले लिएका विभिन्न पदको परीक्षामा छनौट भएका वरियता क्रमका उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइने निर्णय गरियो वा देहाय बमोजिम व्यवस्था गरिने निर्णय गरियो ।

२) मिति २०७९ मंसिर १५ गतेको ऐक्सेसको ३३ औं कार्यकुशलता तथा सिकाइ व्यवस्थापन कार्याशाला गोष्ठी जनसेवा साकोसको आयोजनामा सञ्चालन गर्ने निर्णय गरियो ।

३) २०७९ माघ १० गते, अर्धवार्षिक समीक्षा कार्यक्रममा माघ २१ गते सञ्चालन गर्ने र उक्त कार्यक्रममा संस्थाका सबै भन्दा ठुला बचत कर्ता ५ जना, उत्कृष्ट कारोवार कर्ता ५ जना ऋणी सदस्य, ५ जना ठुला सेयर कर्ता, ५ जना धेरै रकम बचत जम्मा गर्ने बाल बचत कर्ता लाई

सहभागिता गराउने निर्णय गरियो ।

४) मिति २०८० साल वैशाख १० गतेका दिन संस्थामा कार्यरत स्थायी कर्मचारीको लागि नेपाल सरकारले प्रयोगमा ल्याएको सामाजिक सुरक्षाकोषमा आवद्ध गराउने निर्णय गरियो ।

५) मिति २०८० जेष्ठ ९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट निर्माण गर्नकोलागि समिति, उप समिति र प्रतिनिधी मुलक रुपमा सेयर सदस्यहरूको विचमा नीति तथा कार्यक्रम र बजेट निर्माण गोष्ठी गर्ने निर्णय गरियो ।

६) मिति २०८० असार ३१ गतेका दिन संस्थाको आगामी आ.ब. ०८०/०८१ का लागि तर्जुमा गरिएको नीति तथा कार्यक्रम र बजेट पारीत गरी ०८० साल श्रावण १ गते देखि कार्यान्वयन गर्ने निर्णय गरियो ।

७) मिति २०८० वैशाख १० गतेको सञ्चालक समितिको निर्णय अनुसार सस्थाको लागि प्रशिक्षार्थी कामदार आवश्यक परेकाले संस्थाको मानव संसाधन व्यवस्थापन नीति २०६८ को तेस्रो संसोधन २०७६ को परिच्छेद २ दफा २.२.२ बमोजिम प्रशिक्षार्थी कामदारका लागि १५ दिनको सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

८) मिति २०७९ फागुन १० गतेको बैठकको निर्णय अनुसार आगामी दिनमा बन्ने समिति उप समितिहरूका लागि नेतृत्व विकास तालिम सञ्चालनका लागि आवदेन माग गर्ने निर्णय गरियो ।

प्रतिवद्धता ,

यस सम्मानित सभाबाट प्राप्त सल्लाह सुझावहरू लाई आत्मासात गर्दै नियामक निकायहरूबाट प्राप्त निर्देशन, संस्थाको विनियम, विभिन्न नीति नियमहरूको परिधि भित्र रही यस संस्थाको गरिमा लाई कायम राख्नका लागि प्रतिवद्धताको साथै सेयर सदस्यहरूको एवं शुभेच्छुकहरूबाट समेत यथा समयमा राय सल्लाह तथा सुझावको अपेक्षा राखेका छौं ।

अन्त्यमा संस्थाले विगतका वर्षहरूमा आफ्नो कारोवारमा उल्लेख्य प्रगति हासिल गर्दै आइरहेको व्यहोरा यहाँहरू समक्ष पुनः दोहोऱ्याउँदै यस संस्थालाई छोटो समयमा नै सहकारीको क्षेत्रमा सुपरिचित गराउन सहयोग पुर्याउनु हुने सम्पूर्ण सेयर सदस्य महानुभावहरू प्रमुख अतिथि, अतिथिज्यूहरू, नियामक निकायबाट पाल्नु भएका अतिथिज्यूहरू समयमा नै लेखा परीक्षण सम्पन्न गर्नहुने एसोसिएट्सका प्रतिनिधिज्यू, सल्लाहकारज्यूहरू लगाएत कर्मचारीहरूप्रति सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दै यहाँहरूको सदा शुभेच्छा, सहयोग र सदभावको अपेक्षा राखेका छौं ।

३१ औं वार्षिक साधारण सभा

# कोषाध्यक्षदारा प्रस्तुत आ.व. ०८०/०८१ को अनुमानित आय- व्ययको वार्षिक प्रतिवेदन २०८०



**टिकाराम आचार्य**
**कोषाध्यक्ष**

आदरणीय सभाका अध्यक्ष महोदय,

आजको यस गरिमामय साधारण सभालाई सफल बनाउन हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, उपस्थित विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरू, संस्थाका संस्थापक तथा सल्लाहकारज्यूहरू, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, सञ्चालक समिति तथा अन्य विभिन्न उप समितिका संयोजक तथा सदस्यज्यूहरू संस्थाको सेयर सदस्यज्यूहरू, संस्थाका व्यवस्थापक तथा कर्मचारी मित्रहरू र उपस्थित सम्पूर्ण महानुभावहरूमा संस्थाको यस वार्षिक साधारण सभामा हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु ।

सर्वप्रथम, हामी नेपालीहरूको घर आँगनमा आई रहेका महान चाडहरू विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् तथा छठ पर्वहरूको पावन अवसरमा यहाँ उपस्थीत हुनु भएको सबैमा र उपस्थित हुन नसक्नु भएका संपुर्ण सेयर सदस्यहरूमा यस जनसेवा साकोस परिवारको साथै मेरो व्यक्तिगत तर्फबाट सुख, शान्ती, समृद्धि सु-स्वास्थ्य तथा दिर्घायुको शुभकामना ब्यक्त गर्दछु ।

सहकारीका आधारभुत मूल्य मान्यता र सिद्धान्त अनुसार "**सम्पूर्ण सदस्यहरू सहकारीमा र सहकारी सदस्यहरूकोमा**" भन्ने भावनात्मक सम्वन्धलाई यथार्थ रुपमा व्यवहारमा उतार्न तत्कालीन समयमा समाजमा देखिएको चर्को व्याजदरको शोषणलाई न्युनीकरण गरी समाजको आर्थिक तथा सामाजिक परिवर्तन गर्न आज भन्दा करिव ३१ वर्ष पहिले अर्थात् २०५० सालमा यस संस्थाको स्थापना भएको थियो । संस्थाको तत्कालीन उद्देश्य समाजमा छरिएर रहेको स-साना निष्कृय पुँजीलाई बचतको रुपमा संकलन गरी सर्वसुलभ व्याजदरमा ऋण उपलव्ध गराई सेयर सदस्यहरूको अल्पकालीन आवश्यकता पुरा गर्न मद्धत पुर्याउने रहेको थियो । भने हाल यो संस्था दीर्घकालीन रुपमा विभिन्न उद्देश्यका व्यवसायहरूमा समेत लगानी गर्न सवल र सक्षम भएको छ। संस्थाको स्थापनाकालमा साविक पुरुन्चौर गा.वि.स. कार्य क्षेत्र भित्रका ६८ जना सहकारी प्रेमीहरूको संयुक्त प्रयासबाट प्रति सेयर रु.१०० का दरले रु.६८००।- सेयर पुँजी संकलन गरी सुरुवात गरिएको थियो, भने हाल यो सस्थाको कार्यक्षेत्र विस्तार सँगै २२१४

जना सदस्यहरू सहित कुल पुँजी रु.३३.४३ करोड पुगेको छ। आगामी आ.व.२०८०/०८१ को अन्त सम्ममा करिव २७०० सेयर सदस्यहरू सहित संस्थाको कुल पुँजी रु.४० करोड पुर्याउने लक्ष्य रहेको छ।

बचत गर्ने बानीको विकास गर्न वित्तीय संस्थाहरूको स्थापना हुन अनिवार्य रहे तापनि नेपालको इतिहासमा वित्तीय संस्थाहरू निकै पछि मात्र खुले र खुलेका पनि साह्रै नगन्य रुपमा रहेको हुँदा सर्वसाधारणहरू वित्तीय पहुँचबाट टाढा रहन बाध्य भए। जब नेपालमा २०४० सालको दशकमा राजनीतिक परिवर्तनको साथै आर्थिक उदारीकणको नीति लागु भयो तव मात्र नीजी स्तरका बैंक तथा वित्तीय संस्थाहरू खुल्न थाले। त्यसै सन्दर्भमा २०४८ सालमा सरकारले सहकारी ऐन २०४८ जारी गरे पछि मात्र विभिन्न उद्देश्यका सहकारीहरू स्थापना हुन थाले। यसै क्रममा हाम्रो यस संस्था पनि २०५० सालमा स्थापना भई हाल सम्म कार्यान्वयनको अवस्थामा रहि रहेको छ। आज यो संस्था ३१ औं वर्षमा प्रवेश गर्दै गर्दा विभिन्न आरोह अवरोह विचमा पनि विभिन्न प्रतिस्पर्धी संस्थाहरू मध्ये अव्वल भई विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका तह र निकायबाट उत्कृष्ट संस्थाको रुपमा छनोट भई पुरस्कृत हुदै आएको छ। हाल हाम्रो यस संस्थाले नेफ्स्कुनको प्राविधिक सहयोगमा संचालीत पुर्ण तथा व्यवसायीक साकोस विकास निर्माण कार्यक्रम (Probation) ब्राण्ड प्राप्त गरी त्यसलाई निरन्तरता दिन सफल भएका छौं। आगामी दिनहरूमा यस प्रोवेसन ब्राण्डको उच्च स्तरको सम्मान (Excellent Probation Brand) को साथै एशियाली स्तरको गुणस्तर मापदण्ड एक्सेस कार्यक्रमबाट पनि पुरस्कृत हुने अपेक्षा राख्दछौं।

आदरणीय सेयर सदस्यहज्यूहरू,

हाम्रो यस संस्थाको मुख्य परिकल्पना "**समुदायको पहिलो रोजाईको विश्वसनीय सहकारी संस्था**" बनाउने रहेका हुदाँ गुणस्तर सेवा सुविधा सहित यसलाई अझ सार्थक र व्यापक बनाउन यसको कार्य क्षेत्र विस्तार गर्न पनि आवश्यक भएको थियो। जस अनुसार गत आ.व.मा पोखरा महानगरपालिका का ९ वटा वडाहरू कायम गरिएको थियो भने आगामी दिनमा यसको कार्यक्षेत्र पोखरा महानगरपालिका का सबै वडाहरू कायम गर्दै क्रमशः कास्की जिल्ला भर रहने गरी बनाउनको लागि सम्बन्धित निकायहरूमा पहल गर्न सम्पूर्ण सेयर सदस्यज्यूहरूलाई आ-आफनो स्थानबाट लाग्न पनि अनुरोध गर्दछु। संस्थाको क्षेत्र विस्तारसँगै विस्तारीत क्षेत्रका सेवाग्राहीहरूलाई सरल र सहज रुपमा सेवा दिने उद्देश्यले गत आ.व.मा पोखरा- १ बगरमा सेवा केन्द्र स्थापना गरी सेवा दिदै आएको कुरा सबैलाई जानकारी नै छ। यसै क्रममा देशका विभिन्न क्षेत्रका केहि सहकारीहरू सहकारी ऐन, नियम र मापदण्ड भित्र रही विधि सम्वृत सञ्चालन नभएकोले सेयर सदस्यज्यूहरूको बचत समेत फिर्ता दिन नसकेको समाचारहरूका कारण सर्वसाधारणहरूको सहकारीहरू प्रति हेर्ने दृष्टिकोण नकारात्मक हुँदै गएको छ। ठिक यसै कठिन समयमा पनि हाम्रो संस्थाले सेवा केन्द्रको स्थापना गरी सेवा विस्तार गर्दै गर्दा सहकारी प्रतिको नकारात्मक दृष्टिकोणको कारण सदस्य विस्तारमा केही असजिलो महसुस भएको हुँदा गत आ.व. मा आसा गरे बमोजिम सदस्यता विस्तार र बचत संकलन गर्न सकिरहेका छैनौँ, तापनि

अन्य संस्थाको तुलनामा हाम्रो संस्था सहकारी ऐन, नियम र मापदण्ड अनुसार सञ्चालन भएकोले यस संस्थालाई हेर्ने दृष्टिकोण क्रमशः सकारात्मक हुँदै गएकोले आगामी दिनहरूमा संस्थाको गतिविधि सञ्चालन तथा विस्तारमा सहज हुने देखिएको छ।

विगत लगातार ३ वर्ष देखिको कोभिड महामारीको असर, हाल पशु व्यवसायमा देखिएको लम्की स्किन रोगको प्रकोप र जारी रुस-युक्रेनको युद्धको असरको कारण राष्ट्रको अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन। जसको कारण महँगी तिव्र गतिमा बढीरहेको छ, व्यापार व्यवसायहरू बन्द हुने स्थितिमा पुगेका छन्, वित्तीय संस्थाहरूले सहज रुपमा निक्षेप संकलन गर्न सकिरहेका छैनन्, सहकारी क्षेत्रमा वित्तीय अनुशासन उल्लघंनका घटनाहरू भईरहेको यस्तो विषम परिस्थितिमा पनि हाम्रो संस्थाले तरल सम्पतिको उचित व्यवस्थापन, समयानुकुल व्याजदर समायोजन, सदस्यलाई विशेष व्याज छुटको व्यवस्था, वचत तथा लगानी कर्ताहरूलाई विश्वासको वातावरण बनाउनुको साथै अनुशासित सेयर सदस्यज्यूहरू, परिश्रमी कर्मचारीहरू र सहयोगी सञ्चालकहरूको सामुहिक प्रयासवाट संस्थाको समग्र वित्तीय सुचाङ्कहरू सन्तोषजनक रहेकोले गत आ.व. मा निर्धारण गरेका लक्ष्य नजिक पुग्न सफल भएका छौं। यसको कारण संस्थामा आवश्यक भौतिक संरचनाको निर्माण र आगामी लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सहज हुनुको साथै सेयर सदस्यहरूलाई करिव १३ प्रतिशत सेयर लाभांस (वोनश) र संरक्षित पुँजी फिर्ताकोषवाट कारोवारको आधारमा बचतमा प्राप्त गरेको व्याजको आधारमा ३.८८९८ प्रतिशत र ऋणमा तिरेको व्याजको आधारमा ३.५०६० प्रतिशत लाभाशं वितरण गर्न सफल भएका छौं।

आदरणीय सभासद्हरू,

साधारण सभा संस्थाको सर्वोच्च निकाय मानिन्छ। जसबाट विगतका आर्थिक वर्षहरूमा गरेका कार्यक्रमको समीक्षा गर्दै आगामी वर्षको लागि आवश्यक पर्ने नीति नियमहरूको तर्जुमा, संसोधन र कार्यान्वयनको लागि मार्गनिर्देशन दिने कार्य हुन्छ। वार्षिक साधारण सभामा संस्थाका आदरणीय अध्यक्षदारा प्रस्तुत संस्थाको वार्षिक नीति तथा कार्यक्रमलाई आधार मानी म संस्थाको कोषाध्यक्षको हैसियतले गत आ.व.को आय व्ययको सारांसमा समीक्षा र आगामी आ.ब. ०८०/८१ को अनुमानीत आय व्ययको विवरण सहितको आर्थिक प्रतिवेदन यस सम्मानित सभा समक्ष पेस गर्ने अनुमती चाहान्छु। प्रतिवेदनको विस्तारित विवरण तलका पृष्ठहरूमा उल्लेख गरिएको छ। पेस गरिएका अीर्थक प्रतिवदेन माथी विस्तृत छलफल गरी यहाँहरूको महत्वपुर्ण सल्लाह र सुझावहरूको अपेक्षा गर्दछु। संस्थाको दैनिक प्रशासन सञ्चालनार्थ तयार परिएका आ.व.०८०/०८१ को नीति तथा कार्यक्रमहरू र बजेट २०८० साल असार २३ को विस्तारित बैठकको सहमतिमा सञ्चालक समितिको मिति २०८० असार ३१ गतेको बैठकले पास गरी २०८० साल साउन १ गते देखि नै कार्यान्वयनमा आएको हुँदा यो अनुमानित आय व्ययको आर्थिक प्रतिवेदन अनुमोदन तथा स्वीकृतिको लागि यस गरिमामय सभा समक्ष अनुरोध गर्दछु।

संस्था सञ्चालन गर्ने क्रममा कहिलेकाही कार्यक्रम र खर्चको अनुमानमा नसमेटिएका वा छुट हुन

गएका शीर्षकमा संस्थाको हितका लागि खर्च गर्नुपर्ने अवस्था आएमा तत्कालै साधारण सभा बसी अनुमोदन गर्न असम्भव हुने हुँदा त्यस्ता कार्यहरूको बजेट सम्बन्धी व्यवस्थापन गरी सम्पन्न गर्ने अख्तियार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पनि यस सभा समक्ष पेस गर्ने अनुमति चाहन्छु। आ.व. २०७९/२०८० मा संस्थाले आफ्ना गतिबिधिहरू सन्चालन गर्दा केही शीर्षकमा निर्धारण गरे भन्दा बढी खर्च भएकोले उक्त खर्चको बजेट सञ्चालक समितिबाट थप भएको छ। सो को अनुमोदन गरिदिनुहुन सभा समक्ष अनुरोध गर्दछु। विवरण यस प्रकार रहेको छ।

| शीर्षक | बजेट | खर्च | नपुग रकम | कै. |
|---|---|---|---|---|
| सफ्टवेयर नविकरण खर्च | ११७९००/– | १६२०७०/– | ४४१७०/– | |
| बैंक चार्ज | २०००/– | ३१००/– | ११००/– | |
| मौलिकता जर्गेना गर्ने (तीज गीत) | | ४८७९५/– | ४८७९५/– | |

अब म आ.व. २०७९/०८० को साराशंमा आर्थिक समिक्षा र विगत ५ वर्षको झलकहरू राख्न अनुमति चाहन्छु।

**आर्थिक समिक्षा :**

**क) कुल पुजिँ तथा दायित्वः**

आर्थिक वर्ष २०७८/०७९ मा कुल पुँजीँ तथा दायित्व २९,०३,३२,०१२।७१ रहेकोमा आ.व.२०७९/०८० मा ४,३९,५४,०९५।५० ले वृद्धि भई ३३,४२,८६,१०८।२१ पुगेको छ भने वृद्धिदर १५.१३ प्रतिशत रहेको छ।

**ख) आम्दानी र खर्चः**

संस्थाको गत आ.व को कुल आम्दानी ३,१३,८९,४५७।९२ भएकोमा यो वर्ष ८७७४३२८।९५ ले वृद्धि भई रु ४०१६३७८६।८७ पुगेको छ। जुन गत आ.व को तुलनामा २७.९५ प्रतिशतले वृद्धि भएको छ। भने यो वर्षको कुल खर्च २,८३,५६,०७३।३९ भएको हुनाले कुल मुनाफा १,२४,३१८३८।३८ हुन पुगेको छ।

**ग) सेयर पुजीँः**

संस्थाको सेयर पुँजीँ गत आ.व मा रु २,९८,११,०००। रहेको मा यस आ.व मा ११.२७ प्रतिशतले बृद्धि भई रु ३,३१,७३,२००। पुगेको छ।

**घ) बचत तथा निक्षेपः**

गत आ.व मा बचत निक्षेप रु २२,७९,६८,८७२।३८ रहेकोमा यस वर्ष रु ३,५१,१५,०५२.११ ले वृद्धि भई रु २६,३०,८३,९२४.४९ पुगेको छ। जुन वृद्धिदर १५.४० प्रतिशत रहको छ।

### ङ) ऋण लगानी:

गत आ.व मा लगानीमा रहेको ऋण रु २४,१४,४७,७६७।१६ रहेकोमा यस वर्ष २,५५,५८,०४४।१६ ले वृद्धि भई २६,७०,०५,८११।३२ पुगेको छ। जसको वृद्धिदर १०.५८ प्रतिशत रहेको छ।

### च) स्थिर सम्पति:

गत आ.व मा स्थिर सम्पति रु ३५,२१,८५०।१० रहेकोमा यस वर्ष ६५४१२२।३० वृद्धि भई रु ४१,७५,९७२।४० पुगेको छ।

### छ) तरलता:

संस्थाको तरल सम्पति गत आ.व.को अन्त्यमा रु. ४,३३,४४,१९२।८७ कायम रहेकोमा यस आ.व मा रु.६,१२,७२,९४०।६४ रहेको छ।

### ज) कोष परिचालन सम्वन्धमा ।

गत आ.व.को ०७८/०७९ को मुनाफा वाट विभाजन गरीएको कोष रकम मध्ये विनियममा व्यवस्था भए अनूरुप सेयर रकमको १२.४० प्रतिशतले हुन आउने सेयर लाभांस रकम सदस्यहरूलाई वितरण गरिएको तथा संरक्षित पुँजी फिर्ताकोषमा छुट्टाइएको रकमबाट बचतको व्याजको आधारमा ४० प्रतिशत र ऋणको व्याजको आधारमा ६० प्रतिशतका दरले सदस्यले बचतमा प्राप्त गरेको व्याजमा ४.५२ प्रतिशत र ऋणमा संस्थालाई तिरेको व्याजमा ३.७२ प्रतिशतको दरले दामासाहीले सदस्यहरूको खातामा जम्मा गरिएको थियो। त्यसै गरी सहकारी अवलोकन र सदस्य शिक्षा कार्यक्रममा बजेटको व्यवस्था गरे तापनि संस्थाको आ.व ०७८/०७९ को सहकारी शिक्षा कोषमा छुट्टिएको रकमबाट रु.२,०५,८०५। खर्च गरी बाँकी रकम रु.४८,०७४।६१, सामुदायिक विकास कोषबाट युवा क्लबलाई (रु.५०००) र मानबसेवा आश्रमका लागि (रु २५,५५५) गरी रु.३०,५५५। खर्च गरी बाँकी रहेको रकम रु.२,२३,३२४।६१, संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यहरूलाई वितरण गरी बाँकी रहेको रकम रु.५८५६९।९७, सेयर लाभांस कोषबाट सदस्यहरूलाई वितरण गरी बाँकी रहेको रकम रु. ८,०६५।७४, सहकारी विकास कोषबाट रु.२,५३,८७९।६१, जोखिम व्यवस्थापन कोषबाट रु. २,५३,८७९।६१, स्थिरिकरण कोषबाट रु.६९९८२१।३२ र अन्य शीर्षकबाट रु.४०,८००।००, रकम जगेडा कोषमा रकमान्तर गरी यस वर्षको नियमानुसार रु.२६,५९,२९७।०० थप गरी कुल जगेडाकोष रु.२,१०,४८,३४१।६३ पुऱ्याएको छ। यसै गरी यस आ.व. २०७९/०८० को कुल मुनाफाबाट सहकारी ऐन र नियमावलीअनुसार विभिन्न कोषमा रकम बाँडफाँड गरी सेयर लाभांस कोषमा छुट्टिएको रु.४१,६०,४७०।१६ का आधारमा १३।०० प्रतिशत लाभास रकम र संरक्षित पुँजी फिर्ताकोषमा छुट्टिएको रकम रु. १९,९४,४७२।७५ का आधारमा बचत कारोवारका आधारमा ३.८८९८ प्रतिशत र ऋण कारोवारको आधारमा ३.५०६० प्रतिशतका दरले वितरण गर्न प्रस्ताव गर्दछु।

## झ) कर:

यस संस्थाले आ.व.२०७८/०७९ मा विभिन्न निकायहरूमा तिरेको आयकर लगायत आयकर रु ९,९७,३४८।६७ थियो भने यस आ.व.मा संस्थागत आयमा ११,८५,८३७।३० तिर्नुपर्ने दायित्व देखिन्छ।

## ञ) सेयर सदस्य:

गत वर्ष १९४६ जना सेयर सदस्य रहेकोमा संस्थाको कार्यक्षेत्र विस्तारसँगै (बगर सेवा केन्द्र सहित) यस आ.व.मा १३.७७ प्रतिशतले वृद्धि भई २२१४ जना पुगेका छन्।

## विगत ५ वर्षको अवस्था:

| आ.व. | सदस्य सख्या | सेयर रकम | बचत रकम | संस्थागत पुँजी | ऋण लगानी | कुल सम्पति | कुल नाफा |
|---|---|---|---|---|---|---|---|
| २०७५/०७६ | १६३६ | २२०१४६०० | १४४५४८५६८ | ९५६१११४.१ | १५२२६०५९३ | १९०१३३४४३ | ७२१८११२.१४ |
| २०७६/०७७ | १७६२ | २४५१३७०० | १८०५३८४३३ | १२५५८६६८.६ | १८०९८८९१० | २३३९७९८७३ | ८८२१२२१.०२ |
| २०७७/०७८ | १८३२ | २६७२७५०० | २१२८१२१०३ | १५२७०९८८.७ | २१६१२३७१६ | २६८५९०४६६ | ८८७०९३१.१९ |
| २०७८/०७९ | १९४६ | २९८११००० | २२७९६८८७२ | १८४७३८६०.१ | २४१४४७७६७ | २९०३३२०१३ | १०६०९१७७.६ |
| २०७९/०८० | २२१४ | ३३१७३२०० | २६३०८३९२४ | २३०१६७४९ | २६७००५८११ | ३३४२८६१०८ | १२४३१८३८.४ |












**आदरणीय सेयर सदस्यज्यूहरू,**

अब म संस्थाको वित्तीय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) संस्थाको वित्तीय प्रतिवेदन (सेवा केन्द्र समेतको संयुक्त):

| क्र. स. | विवरण | आर्थिक वर्ष ०७८/०७९ मा बाँकी | आर्थिक वर्ष ०७९/८० मा थप | आर्थिक वर्ष ०७९/०८० मा फिर्ता | आर्थिक वर्ष ०७९/०८० मा कायम | वृद्धि प्रतिशत् |
|---|---|---|---|---|---|---|
| १ | सेयर सदस्य संख्या | १९४६ | २९७ | २९ | २२१४ | १३.७७ |
| २ | सेयर पुँजी तर्फ | २९८११००० | ३९४२६००। | ५८०४००। | ३३१७३२००। | ११.२७ |
| ३ | वचत निक्षेप | २२,७९,६९,०७२.४० | ५८,१५,९७,७९३.२० | ५४६४८२९४१.११ | २६३,०८३,९२४.४९ | १५.४० |
| क) | नियमित बचत | १०,३६,६४,०१८.६३ | २७,१५३,००९.७२ | १४,०६०,२०८.०० | ११६,७५६,८२०.३५ | १२.६३ |
| ख ) | बिशेष बचत | ५,४३,०३,८९८.८७ | ३०३,११२,५५२.६४ | ३०२,६९९,१३१.३९ | ५४,७१७,३२०.१२ | ०.७६ |
| ग) | खुत्रुके बचत | २०,७०,०१८.०० | २८,३२१,९०६.३० | २८,१९९,४९०.८१ | २,१९२,४३३.४९ | ५.९१ |
| घ) | बाल बचत | १५,५४६,४३१.०१ | ३,५२९,८१३.६५ | १,९८०,६२८.२९ | १७,०९५,६१६.३७ | ९.९६ |
| ङ) | कर्मचारी संचयकोष बचत | १,०८०,७९०.९३ | ३८६,४७०.८६ | ४,९४५.६९ | १,४६२,३१६.१० | ३५.३० |
| च) | दैनिक बचत | ९९४,६०१.२६ | ५३,११८,८०२.७१ | ५१,००६,९६२.४७ | ३,१०६,४४१.५० | २१२.३३ |
| छ) | युवा स्वरोजगार बचत | २३८,६९३.६४ | २८२,७२०.५७ | ४३५,१३६.१३ | ८६,२७८.०८ | -६३.८५ |
| ज) | जनसेवा नारी बचत | १२९,९६४.९७ | १०८,८७१.५१ | १२६,७२१.१० | ११२,११५.३८ | -१३.७३ |
| झ) | चाडपर्ब बचत | ५६,४१७.८२ | १६७,३६६.९८ | ११४,५४६.०८ | १०९,२३८.७२ | ९३.६२ |
| ञ) | बिमा बचत | १०७,९४९.७६ | २१७,५००.५३ | २०१,१९६.९१ | १२४,२५३.३८ | १५.१० |
| ट) | आबधिक बचत | ४९,७७६,२८७.५१ | १६५,१९८,७७७.७३ | १४७,६५३,९७४.२४ | ६७,३२१,०९१.०० | ३५.२५ |

| क्र. स | विवरण | आर्थिक वर्ष ०७८/०७९ मा बाँकी | आर्थिक वर्ष ०७९/८० मा थप | आर्थिक वर्ष ०७९/०८० मा फिर्ता | आर्थिक वर्ष ०७९/०८० मा बाँकी | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कर्जा तथा सापट विवरण | २४,१४,४७,७६७.१६ | १५,१०,२७,५००.०० | १२,५४,६९,४५५.८४ | २६,७०,०५,८११.३२ | १०.५८५ |
| क) | ८० प्रतिशत बचत धितो ऋण | - | ७१,४५,०००.०० | ३०,१४,५५९.७७ | ४१,३०,४४०.२३ | १००.०० |
| ख) | जग्गा खरिद ऋण | ३,१५,३२,९२७.०० | २,३५,९०,०००.०० | १,५६,९१,५०६.६० | ३,९४,३१,४२०.४० | २५.०५ |
| ग) | शैक्षिक ऋण | २,२०,१७,६५८.०० | १,३४,१४,०००.०० | ९६,९२,७१९.२३ | २,५७,३८,९३८.७७ | १६.९ |
| घ) | नियमित बचतका आधारमा ब्यवसायिक ऋण | - | ९८,५१,०००.०० | २४,९२,१०३.७२ | ७३,५८,८९६.२८ | १०० |
| ङ) | आवधिक बचत धितो ऋण | २३,८५,०००.०० | ९६,१३,०००.०० | ९९,३४,२५०.०० | २०,६३,७५०.०० | -१३.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| च) | नियमित बचतका आधारमा घर खर्च ऋण | - | ५९,०५,०००.०० | २७,०८,५९७.३५ | ३१,९६,४०२.६५ | १०० |
| छ | कृषि ऋण | २,५१,२१,२५६.३४ | २३,३५,०००.०० | १,०४,७६,०५२.६१ | १,६९,८०,२०३.७३ | -३२.४ |
| ज | ब्यक्तिगत ऋण | ९१,६६,८४४.०० | ३१,३३,०००.०० | ५२,८९,३९५.९७ | ७०,१०,४४८.०३ | -२३.५ |
| झ | नियमित बचतका आधारमा कृषि ऋण | - | १,४३,०१,०००.०० | ६६,९०,१९३.३७ | ७६,१०,८०६.६३ | १०० |
| ञ | घर निर्माण ऋण | ६,४२,४०,३५२.१८ | १,६४,९०,०००.०० | २,४९,१५,७९७.११ | ५,५८,१४,५५५.०७ | -१३.१ |
| ट | ब्यवसायिक ऋण | ८,४४,७५,१११.०० | ३,५०,१६,५००.०० | ३,१३,९७,८८४.९१ | ८,८०,९३,७२६.०९ | ४.२८४ |
| ठ | बैदेशिक रोजगार ऋण | २३,४२,४७९.०० | ६९,४०,०००.०० | २३,७६,८७७.१६ | ६९,०५,६०१.८४ | १९४.८ |
| ड | नियमित बचतका आधारमा घर निर्माण ऋण | - | १८,९०,०००.०० | ४,१५,०००.०० | १४,७५,०००.०० | १०० |
| ढ | नियमित बचतका आधारमा शैक्षिक ऋण | - | १४,०४,०००.०० | २,०८,३७८.४० | ११,९५,६२१.६० | १०० |
| ण | युवा स्वरोजगार ऋण | १,६६,१३९.६४ | - | १,६६,१३९.६४ | - | ० |

आ.व. २०७९/०८० को लागि अनुमानित लक्ष्य, आर्थिक वर्ष २०७९/०८० कै यथार्थ र आ.व. २०८०/०८१ को प्रस्तावित अनुमानित लक्ष्य सहितको बासलात र आय व्यय विवरण यसप्रकार रहेको छ :

| शीर्षक | गत वर्षको अुनमानित लक्ष्य | आ.व.२०७९/०८० को वास्तविक | उपलब्धि प्रतिशत | आ.व.२०८०/०८१ को अनुमानित |
|---|---|---|---|---|
| सदस्य संख्या | ५०० जनाले थप गर्ने | २६८ | ५३.६० | ५०० थप गर्ने |
| **सम्पति तथा जायजेथा** | | | | |
| बैंक/नगद | ५,५०,००,०००.०० | ६१२७२९४०.६४ | १११.४१ | ७०,०००,०००.०० |
| ऋण लगानी | २८,५०,००,०००.०० | २६७००५८११.३२ | ९३.६९ | ३२०,०००,०००.०० |
| विषयगत संघमा लगानी | १२,००,०००.०० | ५८०१००.०० | ४८.३४ | ६००,०००.०० |
| स्थिर सम्पति | ५०,००,०००.०० | ४१७५९७२.४० | ८३.५२ | ५,०००,०००.०० |
| चालु तथा अन्य सम्पती | ३८,००,०००.०० | १२,५१,२८३.८४ | ३२.९३ | ४,४००,०००.०० |
| कुल सम्पति | ३५,००,००,०००.०० | ३३४२८६१०८.२० | ९५.५१ | ४००,०००,०००.०० |

| पुँजी तथा दायित्व तर्फ | | | | |
|---|---|---|---|---|
| सेयर हिसाव | ३,६०,००,०००.०० | ३३१७३२०० | ९२.१५ | ३८,५००,०००.०० |
| जगेडाकोष | २,२०,००,०००.०० | २१०४८३४१.६३ | ९५.६७ | २५,०००,०००.०० |
| बचत रकम | २७,००,००,०००.०० | २६३०८३९२४.५ | ९७.४४ | ३०७,५००,०००.०० |
| अन्य कोष हिसाव/दायित्व | ७०,००,०००.०० | १,३०,९८,८२८.८० | १८७.१२ | १४,०००,०००.०० |
| बाह्य ऋण | १,००,००,०००.०० | ० | ०.०० | १०,०००,०००.०० |
| ऋण जोखिम बहन कोष | ५०,००,०००.०० | ३८८१८१३.२५ | ७७.६४ | ५,०००,०००.०० |
| जम्मा दायित्व | ३५,००,००,०००.०० | ३३,४२,८६,१०८.२१ | ९५.५१ | ४००,०००,०००.०० |

## आ.ब. २०८०/०८१ को अनुमानित आय व्यय विवरण

| क्र. स. | विवरण | मिति २०८० असार मसान्तर सम्मको लक्ष्य | ०८० असार मसान्तर सम्मको वास्तविक | उपलब्धि प्रतिशत | आ.ब. ०८०/०८१ को प्रस्तावित कुल बजेट |
|---|---|---|---|---|---|
| | | **आम्दानी** | | | |
| १ | ऋणबाट व्याज आम्दानी | ४,४५,००,०००.०० | ३,४१,८७,९५०.२७ | ७६.८३ | ४,८०,००,०००.०० |
| २ | बैंकबाट व्याज आम्दानी | २९,००,०००.०० | ४२,४६,३२८.९८ | १४६.४३ | ४८,००,०००.०० |
| ३ | ऋणमा उच्च व्याज आम्दानी | १,३०,०००.०० | १,९४,१९०.१३ | १४९.३८ | १,५०,०००.०० |
| ४ | रेमिट्यान्स बाट आम्दानी | ५०,०००.०० | ३२,५९२.२९ | ६५.१८ | ५०,०००.०० |
| ५ | सामान विक्री आम्दानी | ७,०००.०० | ८४५.०० | १२.०७ | २,०००.०० |
| ६ | बचतमा विलम्ब शुल्क | १०,५००.०० | ३०,६३४.७४ | २९१.७६ | १०,०००.०० |
| ७ | ऋण व्यवस्थापन शुल्क | २८,००,०००.०० | १२,४२,६१५.०० | ४४.३८ | २०,००,०००.०० |
| ८ | प्रवेश शुल्क | ५०,०००.०० | ३२,९००.०० | ६५.८० | ५०,०००.०० |
| ९ | लाभांश आम्दानी | १,३०,०००.०० | १,२३,३५४.५३ | ९४.८९ | १,३०,०००.०० |
| १० | अन्य आम्दानी | ५०,०००.०० | ७२,३७५.९३ | १४४.७५ | ७०,०००.०० |
| | जम्मा आम्दानीः | ५,०६,२७,५००.०० | ४,०१,६३,७८६.८७ | ७९.३३ | ५,५२,६२,०००.०० |
| | | **खर्च** | | | |
| अ. | **वित्तीय खर्चः** | | | | |
| १ | बचतमा व्याज खर्च | २,३५,००,०००.०० | २,०८,६९,४२६.३१ | ८८.८१ | २,६०,००,०००.०० |
| २ | बाह्य ऋणमा व्याज खर्च | २,३५,०००.०० | - | - | १,००,०००.०० |
| आ | **कार्यालय सञ्चालन खर्च** | | | | |
| १ | कर्मचारी तलव खर्च | ४०,००,०००.०० | २६,८५,०८२.९७ | ६७.१३ | ३६,००,०००.०० |
| २ | कर्मचारी उपदान खर्च | ९०,०००.०० | ८५,६३५.०० | ९५.१५ | १,००,०००.०० |
| ३ | कर्मचारी विदा खर्च | ८५,०००.०० | ८६,६८०.८३ | १०१.९८ | १,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कर्मचारी विमा खर्च | ५०,०००.०० | – | – | १,००,०००.०० |
| ५ | कर्मचारी औषधी उपचार खर्च | १,१५,०००.०० | – | – | १,००,०००.०० |
| ६ | कर्मचारी पोसाक खर्च | ९०,०००.०० | ७६,५००.०० | ८५.०० | ९०,०००.०० |
| ७ | साधारण सभा खर्च अन्य सामुदायिक कार्यक्रम खर्च | १५,००,०००.०० | १३,०३,४०६.०० | ८६.८९ | १६,००,०००.०० |
| ८ | मौलिकता र संस्कृति जर्गेना गर्ने कार्यक्रम * | – | ४८,७९५.०० | | २,००,०००.०० |
| ९ | दिवस लगायतका अन्य कार्यक्रम खर्च | २०,०००.०० | ९५,७७७.८० | | ६०,०००.०० |
| १० | लेखा परीक्षण शुल्क | ८०,०००.०० | ७५,०००.०० | ९३.७५ | ७५,०००.०० |
| ११ | मर्मत सम्भार कार्यालय उपकरण | ५५,०००.०० | १९,९०६.९१ | ३६.१९ | ७०,०००.०० |
| १२ | बिमा खर्च | १,२०,०००.०० | ४६,४८०.९५ | ३८.७३ | ८०,०००.०० |
| १३ | टेलिफोन / इन्टरनेट खर्च | १,००,०००.०० | ४९,९५२.०० | ४९.९५ | ७०,०००.०० |
| १४ | मसलन्द तथा स्टेसनरी खर्च | १,७०,०००.०० | १,२१,२९३.५४ | ७१.३५ | १,५०,०००.०० |
| १५ | क्यालेन्डर तथा पुस्तक खर्च | ६०,०००.०० | ५३,६७५.०० | ८९.४६ | ६०,०००.०० |
| १६ | विज्ञापन / पत्रपत्रिका खर्च | ६५,०००.०० | ८,५००.०० | १३.०८ | ४०,०००.०० |
| १७ | पानी,विद्युत,सरसफाई खर्च | ८०,०००.०० | ५०,७३७.०० | ६३.४२ | ६०,०००.०० |
| १८ | भवन मर्मत सम्भार खर्च | ५०,०००.०० | ३१,७०९.०० | ६३.४२ | ८०,०००.०० |
| १९ | दैनिक भ्रमण भत्ता खर्च | ६८,०००.०० | ५०,१७५.०० | ७३.७९ | ८०,०००.०० |
| २० | अन्य खर्च | ४०,०००.०० | ३०,३५४.०० | ७५.८९ | ३०,०००.०० |
| २१ | मेडिकल खर्च | | ३९०.६० | – | ५,०००.०० |
| २२ | अध्यक्ष/संयोजक यातायात खर्च | ६०,०००.०० | ३०,०००.०० | ५०.०० | ९०,०००.०० |
| २३ | अतिथि सत्कार खर्च | ४५,०००.०० | १९,८३१.०० | ४४.०७ | ३०,०००.०० |
| २४ | बैठक भत्ता खर्च | ३,५०,०००.०० | १,८२,०००.०० | ५२.०० | २,५०,०००.०० |
| २५ | संस्थागत सदस्यता नविकरण शुल्क खर्च | १,००,०००.०० | २४,६०८.०० | २४.६१ | ५०,०००.०० |
| २६ | जलपान खर्च | ८५,०००.०० | ६१,४५३.०० | ७२.३० | ८०,०००.०० |
| २८ | सफ्टवेयर नविकरण खर्च | १,१७,९००.०० | १,६२,०७०.०० | १३७.४६ | १,६५,०००.०० |
| २९ | लक्ष्मी पूजा खर्च | ७,०००.०० | ३,०९०.०० | ४४.१४ | १०,०००.०० |
| ३० | सहकारी अवलोकन भ्रमण खर्च* | ३,००,०००.०० | २,०५,८०५.००<br>(कोषबाट खर्च भएको) | – | ३,००,०००.०० |
| ३१ | बैंक चार्ज खर्च | २,०००.०० | ३,१००.०० | १५५.०० | ५,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | इन्धन/बजार प्रतिनिधि समेत खर्च | ३५,000.00 | ३९,९४३.३३ | ११४.१२ | ३५,000.00 |
| ३३ | सवारी साधन मर्मत खर्च | २0,000.00 | ६,१३0.00 | ३0.६५ | २५,000.00 |
| ३४ | सुत्केरी भेटघाट खर्च | ४0,000.00 | १४,३६८.00 | ३५.९२ | २५,000.00 |
| ३५ | ऋण जोखिमबहन कोष खर्च | १६,00,000.00 | ३,९८,७२१.२२ | २४.९२ | १0,00,000.00 |
| ३६ | बाल बचतकर्ता प्रोत्साहन खर्च /भ्रमण | ४0,000.00 | १५,४00.00 | - | ८0,000.00 |
| ३७ | पुरस्कार खर्च | ३0,000.00 | ९,000.00 | ३0.00 | ३0,000.00 |
| ३८ | कर्मचारी तालिम/भ्रमण खर्च | ५0,000.00 | २६,६४५.९८ | ५३.२९ | ५0,000.00 |
| ३९ | सञ्चालक तालिम/भ्रमण खर्च | ५0,000.00 | ५,१५५.00 | १0.३१ | ५0,000.00 |
| ४0 | सञ्चालकको क्षमता अभिवृद्धि * | | | | २,00,000.00 |
| ४१ | सदस्यको लागि सिपमुलक तालिम * | ५0,000.00 | - | - | १00000.00 |
| ४२ | सहकारी एकिकरण बैठक खर्च * | २५,000.00 | - | - | २५000.00 |
| ४३ | स्वास्थ्य सम्बन्धी कार्यक्रम * | - | - | | १,२0,000.00 |
| ४४ | एक्सेस कार्यकुशलता गोष्ठी खर्च | ८0,000.00 | ५६,00३.७८ | ७0.00 | १,00,000.00 |
| ४५ | सदस्यहरूलाई सहकारी शिक्षा कार्यक्रम खर्च* | ५0,000.00 | १६,५३0.00 | ३३.0६ | ६0,000.00 |
| ४६ | रणनीतिक योजना निर्माण खर्च | २,00,000.00 | - | - | १,५0,000.00 |
| ४७ | एक्सेस नविकरण शुल्क खर्च | ५0,000.00 | ५0,000.00 | १00.00 | ५0,000.00 |
| ४८ | प्रोबेसन परीक्षण शुल्क खर्च | १६,000.00 | १५,४६५.00 | ९६.६६ | १६,000.00 |
| ४९ | घर भाडा खर्च | २,१२,000.00 | १,९५,५५८.00 | ९२.२४ | २,१३,३३४.00 |
| ५0 | ऋण सदुपयोगीता जाँच खर्च | - | - | - | ५0,000.00 |
| ५१ | सदस्य सर्वेक्षण खर्च | १५,000.00 | ५,८५0.00 | ३९.00 | १५,000.00 |
| ५२ | ह्रास खर्च | ६,२0,000.00 | ६,0१,५४८.२७ | ९७.0२ | ६,५0,000.00 |
| **जम्मा** | | ३,४0,९६,९00.00 | २,७७,३१,९४८.४९ | ८१.३३ | ३,६८,७४,३३४.00 |
| **जम्मा आम्दानी** | | ५,0६,२७,५00.00 | ४,0१,६३,७८६.८७ | ७९.३३ | ५,५२,६२,000.00 |
| **जम्मा खर्च** | | ३,४0,९६,९00.00 | २,७७,३१,९४८.४९ | ८१.३३ | ३,६८,७४,३३४.00 |
| **खुद मुनाफा** | | १,६५,३0,६00.00 | १,२४,३१,८३८.३८ | ७५.२१ | १,८३,८७,६६६.00 |

*चिन्ह भएको शीर्षकका बजेट मध्ये केही सम्बन्धित कोषबाट र केही सञ्चालन खर्चबाट खर्च गरिएको छ। आगामी आ.व. का लागि पनि सोहीबमोजिम बजेट व्यवस्थापन गरिएको छ। जसको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| आ.व. २०८०/०८१ मा कोषहरूबाट गरिने खर्चहरूको विवरण (बजेट) | | | | |
|---|---|---|---|---|
| कार्यक्रम | कुल बजेट | कोषबाट खर्च बजेट | सञ्चालन खर्च | सहभागीबाट खर्च |
| रक्तदान कार्यक्रम | ५००००.०० | ३००००.०० | २००००.०० | ०.०० |
| संस्थागत विकास र सञ्चालकको क्षमता विकास कार्यक्रम | २०००००.०० | १२००००.०० | ८००००.०० | ०.०० |
| सदस्यहरूका लागि सिप मूलक कार्यक्रम | १०००००.०० | ५००००.०० | २५०००.०० | २५०००.०० |
| वित्तीय साक्षरता/ बालबचत कर्तालाई कापी पेन्सिल वितरण कार्यक्रम/भ्रमण | ८००००.०० | ५००००.०० | ३००००.०० | ०.०० |
| सहकारी अवलोकन भ्रमण | ३०००००.०० | १,९०,०००.०० | ४०,०००.०० | ७०,०००.०० |
| सदस्य शिक्षा कार्यक्रम | ६००००.०० | ३००००.०० | ३००००.०० | ०.०० |
| सुत्केरी भेटघाट खर्च | २५०००.०० | २५०००.०० | ०.०० | ०.०० |
| युवा परिचालन व्यवस्थापन खर्च | ७५०००.०० | ५००००.०० | २५००० | ०.०० |
| स्वस्थ्य शिविर | ७००००.०० | ४००००.०० | ३००००.०० | ०.०० |
| मौलिकता जर्गेना (तीज गीत) | २००००० | १०००००.०० | १००००० | ०.०० |
| सहकारी एकीकरण खर्च | २५०००.०० | २५०००.०० | ० | ०.०० |
| जम्मा | ११,८५,०००.०० | ७,१०,०००.०० | ३,८०,०००.०० | ९५,०००.०० |

## कार्यालयगत विवरण : आ.व. २०८०/०८१ को अनुमानित वासलात

| शिर्षक | पुरुन्चौर | बगर |
|---|---|---|
| सदस्य संख्या (थप गर्ने) | २०० | ३०० |
| **सम्पती तथा जायाजेथा** | | |
| बैंक/नगद | ६६,०००,०००.०० | ४,०००,०००.०० |
| ऋण लगानी | २७५,०००,०००.०० | ४५,०००,०००.०० |
| विषयगत संघमा लगानी | ६००,०००.०० | - |
| स्थीर सम्पती | ४,१००,०००.०० | ९००,०००.०० |
| चालु तथा अन्य सम्पती | ४,३००,०००.०० | १००,०००.०० |
| कुल सम्पती | ३५०,०००,०००.०० | ५०,०००,०००.०० |
| **पुँजी तथा दायीत्व तर्फ** | | |
| शेयर हिसाव | ३४,५००,०००.०० | ४,०००,०००.०० |
| जगेडाकोष | २५,०००,०००.०० | |
| बचत रकम | २६६,०००,०००.०० | ४१,५००,०००.०० |
| बाह्य ऋण | १०,०००,०००.०० | |
| अन्य दायित्ब/कोषहिसाव | १०,०००,०००.०० | ४,०००,०००.०० |
| ऋण जोखिम बहन कोष | ४,५००,०००.०० | ५००,०००.०० |
| जम्मा दायीत्व | ३५०,०००,०००.०० | ५०,०००,०००.०० |

# आ.ब. २०८०/०८१ को अनुमानित आय व्यय विवरण

| क्र.स. | विवरण | पुरुन्चौर कार्यालय | बगर सेवा केन्द्र |
|---|---|---|---|
| | आम्दानी | | |
| १ | ऋणबाट व्याज आम्दानी | ४,२०,२०,०००.०० | ५९,८०,०००.०० |
| २ | बैंकबाट व्याज आम्दानी | ४४,६१,५००.०० | ३,३८,५००.०० |
| ३ | ऋणमा उच्च व्याज आम्दानी | १,२०,०००.०० | ३०,०००.०० |
| ४ | रेमिट्यान्स बाट आम्दानी | ३०,०००.०० | २०,०००.०० |
| ५ | सामान विक्री आम्दानी | १,०००.०० | १,०००.०० |
| ६ | बचतमा विलम्ब शुल्क | ९,५००.०० | ५००.०० |
| ७ | ऋण व्यवस्थापन शुल्क | १६,००,०००.०० | ४,००,०००.०० |
| ८ | प्रबेश शुल्क | २०,०००.०० | ३०,०००.०० |
| ९ | लाभांश आम्दानी | १,३०,०००.०० | - |
| १० | अन्य आम्दानी | ५९,०००.०० | ११,०००.०० |
| | जम्मा आम्दानी: | ४,८४,५१,०००.०० | ६८,११,०००.०० |
| | **खर्च** | | |
| अ. | **वित्तीय खर्च:** | | |
| १ | बचतमा व्याज खर्च | २,२२,००,०००.०० | ३८,००,०००.०० |
| २ | बाह्य ऋणमा व्याज खर्च | १,००,०००.०० | - |
| आ | **कार्यालय सञ्चालन खर्च** | | |
| १ | कर्मचारी तलव खर्च | २५,८०,०००.०० | १०,२०,०००.०० |
| २ | कर्मचारी उपदान खर्च | १,००,०००.०० | - |
| ३ | कर्मचारी विदा खर्च | १,००,०००.०० | - |
| ४ | कर्मचारी विमा खर्च | १,००,०००.०० | - |
| ५ | कर्मचारी औषधी उपचार खर्च | ६०,०००.०० | ४०,०००.०० |
| ६ | कर्मचारी पोसाक खर्च | ९०,०००.०० | - |
| ७ | साधारण सभा खर्च अन्य सामुदायिक कार्यक्रम खर्च | १४,००,०००.०० | २,००,०००.०० |
| ८ | मौलिकता जर्गेना कार्यक्रम (तीज गीत) | २,००,०००.०० | - |
| ९ | दिवस लगायतका अन्य कार्यक्रम खर्च | ४०,०००.०० | २०,०००.०० |
| १० | लेखा परीक्षण शुल्क | ७५,०००.०० | - |
| ११ | मर्मत सम्भार कार्यालय उपकरण | ६५,०००.०० | ५,०००.०० |
| १२ | बिमा खर्च | ६०,०००.०० | २०,०००.०० |
| १३ | टेलिफोन /इन्टरनेट खर्च | ४०,०००.०० | ३०,०००.०० |
| १४ | मसलन्द तथा स्टेसनरी खर्च | १,३०,०००.०० | २०,०००.०० |

| | | | |
|---|---|---|---|
| १५ | क्यालेन्डर तथा पुस्तक खर्च | ६०,०००.०० | - |
| १६ | विज्ञापन /पत्रपत्रिका खर्च | २५,०००.०० | १५,०००.०० |
| १७ | पानी,विद्युत,सरसफाई खर्च | ३५,०००.०० | २५,०००.०० |
| १८ | भवन मर्मत सम्भार खर्च | ८०,०००.०० | - |
| १९ | दैनिक भ्रमण भत्ता खर्च | ६५,०००.०० | १५,०००.०० |
| २० | अन्य खर्च | २५,०००.०० | ५,०००.०० |
| २१ | मेडिकल खर्च | ३,०००.०० | २,०००.०० |
| २२ | अध्यक्ष/संयोजक यातायात खर्च | ६०,०००.०० | ३०,०००.०० |
| २३ | अतिथि सत्कार खर्च | १५,०००.०० | १५,०००.०० |
| २४ | बैठक भत्ता खर्च | १,८०,०००.०० | ७०,०००.०० |
| २५ | सदस्यता नविकरण शुल्क खर्च (संस्थागत) | ५०,०००.०० | - |
| २६ | जलपान खर्च | ६०,०००.०० | २०,०००.०० |
| २८ | सफ्टवेयर नबिकरण खर्च | १,६५,०००.०० | - |
| २९ | लक्ष्मी पुजा खर्च | ५,०००.०० | ५,०००.०० |
| ३० | सहकारी अबलोकन भ्रमण खर्च | ३,००,०००.०० | - |
| ३१ | बैंक चार्ज खर्च | ५,०००.०० | - |
| ३२ | इन्धन/बजार प्रतिनिधि समेत खर्च | १५,०००.०० | २०,०००.०० |
| ३३ | सवारी साधन मर्मत खर्च | २५,०००.०० | - |
| ३४ | सुत्केरी भेटघाट खर्च | २५,०००.०० | - |
| ३५ | ऋण जोखीमबहन कोष खर्च | ५,२५,०००.०० | ४,७५,०००.०० |
| ३६ | बाल बचतकर्ता प्रोत्साहन खर्च/भ्रमण | ८०,०००.०० | - |
| ३७ | पुरस्कार खर्च | ३०,०००.०० | - |
| ३८ | कर्मचारी तालिम/भ्रमण खर्च | ५०,०००.०० | - |
| ३९ | सञ्चालक तालिम/भ्रमण खर्च | ५०,०००.०० | - |
| ४० | सञ्चालकको क्षमता अभिवृद्धि | २,००,०००.०० | |
| ४१ | सदस्यको लागि सिपमुलक तालिम | १,००,०००.०० | - |
| ४२ | सहकारी एकीकरण बैठक खर्च | २५,०००.०० | - |
| ४३ | स्वास्थ्य शिविर खर्च | १,२०,०००.०० | - |
| ४४ | एक्सेस कार्यकुशलता गोष्ठी खर्च | १,००,०००.०० | - |
| ४५ | सदस्यहरूलाई सहकारी शिक्षा कार्यक्रम खर्च | ४५,०००.०० | १५,०००.०० |
| ४६ | रणनीतिक योजना निर्माण खर्च | १,५०,०००.०० | - |
| ४७ | एक्सेस नविकरण शुल्क खर्च | ५०,०००.०० | - |
| ४८ | प्रोबेसन परीक्षण शुल्क खर्च | १६,०००.०० | - |

| | | | |
|---|---|---|---|
| ४९ | घर भाडा खर्च | - | २,१३,३३४.०० |
| ५० | ऋण सदुपयोगिता जाँच खर्च | ४०,०००.०० | १०,०००.०० |
| ५१ | सदस्य सर्वेक्षण खर्च | १५,०००.०० | - |
| ५२ | ह्रास खर्च | ४,५०,०००.०० | २,००,०००.०० |
| | **जम्मा खर्च** | ३,०५,८४,०००.०० | ६२,९०,३३४.०० |
| | **जम्मा आम्दानी** | ४,८४,५१,००० | ६८,११,०००.०० |
| | **जम्मा खर्च** | ३,०५,८४,०००.०० | ६२,९०,३३४.०० |
| | **खुद मुनाफा** | १,७८,६७,०००.०० | ५,२०,६६६.०० |

आ.व.२०८०/०८१ मा कोषका रकमहरू तपसिल बमोजिमका विवरणमा खर्च गरिनेछ।

| **क्र.स** | **कोषको नाम** | **विवरण** |
|---|---|---|
| १ | संरक्षित पुँजी फिर्ता कोष | सदस्यहरूको कारोवारको आधारमा वितरण गरिने। |
| २ | सहकारी प्रर्वद्धन कोष | नियमानुसार राज्यको कोषमा जम्मा गरिने। |
| ३ | सहकारी शिक्षा कोष | अवलोकन भ्रमण, सदस्य शिक्षा र सिपमूलक तालिमको लागि खर्च गरिने |
| ४ | सेयर लाभांश कोष | सदस्यको सेयरको आधारमा बितरण गरिने। |
| ५ | कर्मचारी बोनस कोष | नियमानुसार कर्मचारीलाई वितरण गरिने। |
| ६ | सहकारी विकास कोष | सहकारी विकास प्रवर्धन हुने कार्यक्रम तथा सहकारी एकिकरण कार्यक्रममा खर्च गरिने। |
| ७ | घाटापूर्ति कोष | खर्च हुने छैन। |
| ८ | सामुदायिक विकास कोष | सुत्केरी भेटघाट तथा अन्य सामुदायिक विकासको लागि औचित्यताको आधारमा खर्च गरिने। |
| ९ | स्थिरीकरण कोष | आवश्यकता र अवस्था हेरी कोषमा योगदान गरिने |
| १० | अन्य जोखिम व्यवस्थापन कोष | भैपरी आउने जोखिम न्युनीकरणमा आवश्यकता हेरी खर्च गरिने। |

नोटः माथि उल्लेखित कोषमा खर्च गरी बाँकी रहेका रकमहरू संस्थाको विनियम अनुसार कर्मचारी वोनश कोष, घाटापुर्ति कोष वाहेकका अन्य कोषको रकम जगेडा कोषमा रकमान्तर गरिने छ।

माथि उल्लेखित बजेटको लक्ष्य हाँसिल गर्न निम्नानुसारको रणनीति अवलम्बन गरिने प्रस्ताव पेस गर्दछु।

१) संस्थाको बढ्दो कार्यबोझलाई मध्यनजर गरी सम्पूर्ण समिति उप-समितिहरूलाई क्रियाशिल र परिचालनको लागि बजेटको व्यवस्था गरिएको छ।

२) संस्थाको आवश्यक भौतिक संरचना निर्माण र मानव स्रोत व्यवस्थापनको लागि बजेट व्यवस्था गरिएको छ।

३) गत साधारण सभाबाट निर्णय गरिएको न्यूनतम मासिक बचतको वृद्धिलाई आंशिक रुपमा कार्यान्वयन भएकोले पूर्ण रुपमा कार्यान्वयन गर्दै लैजानुका साथै घुम्ती बचत सङ्कलन कार्यलाई अझै प्रभावकारी बनाइनेछ ।

४) सामाजिक सुरक्षा र मानवीय समवेदनालाई बजेटमा निरन्तरता दिइएको छ ।

५) सेयर सदस्यहरूलाई सहकारी सम्वन्धी थप ज्ञान आर्जनका लागि सहकारी अवलोकन भ्रमणलाई प्रभावकारी बनाइनेछ ।

६) संस्थालाई थप मजबुत बनाउनको लागि एकै प्रकृतिका सहकारीहरू विच एकीकरण (मर्जर) गर्ने प्रयासलाई जारी राख्ने ।

७) कर्जा जोखीम व्यवस्थापन लाई अझै मजबुत बनाउने ।

८) सदस्यको सुझाव र गुनासो सुन्न र सदस्यको सन्तुष्टी मापन गर्ने कार्य सदस्य सर्वेक्षण अझै ब्यापक बनाउने नीति लिइएको छ ।

९) संस्थाद्वारा सञ्चालित स्वस्थ्य सम्बन्धी कार्यक्रमहरूको प्रभावकारीता बढाउने ।

१०) संस्थामा कायम रहेको रणनीतिक योजनाको कार्यावधी समाप्त भएकोले पुन अर्को रणनीतिक योजना बनाउनको लागि बजेटको व्यवस्था गरिएको छ ।

११) सेयर सदस्य बिस्तारको लागि संस्थाको कार्यक्षेत्र भित्रका विभिन्न टोलमा सदस्य शिक्षा कार्यक्रमको साथ घरदैलो अभियान चलाइनेछ ।

आदरणीय सेयर सदस्यज्यूहरू,

अन्त्यमा, माथि उल्लेखित आय व्यय विवरणमा पुन आवश्यक सुझावको अपेक्षा गर्दै संस्थाका शुभचिन्तक, बुद्धिजिवी, विभिन्न संस्थाका नियामक निकाय राष्ट्रिय सहकारी बैंक, केन्द्रिय बचत तथा ऋण सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ, स्थानीय निकाय आदिबाट संस्थालाई प्राप्त सहयोग र सद्भावका लागि आभार सहित धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा अझ बढी सहयोगको अपेक्षा यो साधारण सभाबाट संस्थाको नयाँ नेतृत्व चयन गर्नुपर्ने भएको हुँदा योग्य, सक्षम र इमान्दार व्यक्तिहरूको छनोट गर्नको लागि शुभकामना दिदै आफ्ना भनाई यही अन्त्य गर्दछु ।

धन्यवाद

जय सहकारी

मितिः २०८०/०६/२०

## ३१ औं वार्षिक साधारण सभा

# लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८०

(सहकारी मापदण्ड २०६८ को दफा ११(४) सँग सम्बन्धित)



**ठाकुरप्रसाद रेग्मी**
**संयोजक**

यस जनसेवा बचत तथा ऋण सहकारी संस्थाको ३१ औं साधारण सभाको अध्यक्षता गरिरहनु भएका अध्यक्षज्यू तथा प्रमुख अतिथि, विशेष अतिथिहरू, अतिथिहरू तथा सेयर सदस्यहरूमा हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्दछु ।

कानुन बमोजिम गठन भएका सहकारीहरू विशुद्ध रुपमा सदस्यहरू बीच वित्तीय कारोबार गर्ने संस्थाहरू भएकोले बचत परिचालनमा निहित जोखिमको संबेदनशिलतालाई आत्मसाथ गर्दै वित्तीय शुशाशन सहित गुणस्तरीयताको सेवा, गर्नुपर्ने कारोबार, व्यवसायीको विकास र गुणस्तरीय शुद्धिकरणको सुनिश्चितता व्यवस्थापनका योजना बद्ध रणनीति लक्ष्य कार्यनीति पारित गर्नु संस्थाको आजको आवश्यकता भित्र पर्दछन् । तसर्थ सेयर सदस्यहरूको गम्भीर रुपमा ध्यानाकर्षण गर्दछु । यस अनुरुप रणनीति लक्ष्य, कार्यनीति लक्ष्य, तथा सञ्चालनस्तरको लक्ष्य सहितको कार्ययोजना बनाई संस्था लाई गति प्रदान गर्न अनुरोध गर्दछु । हाल नेफ्स्कुनको ३६ औं स्थापना दिवसको अवसरमा गण्डकी प्रदेशबाट उत्कृष्ट व्यवस्थापकबाट संस्थाका व्यवस्थापक प्रेमसागर अधिकारी सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

यस संस्थाको आर्थिक कारोबार तथा सम्बन्धीत पक्षको आन्तरिक लेखा परीक्षण तथा सुपरिवेक्षणको लागि हामीलाई सुम्पीएको जिम्मेबारी अनुसार आर्थिक वर्ष २०७९/०८० को बारोबार गतिबिधी र संस्था सञ्चालनका क्रियाकलापहरूको प्रतिवेदन प्रस्तुतीको लागि अनुमति चाहन्छु ।

सेयरधनी सदस्यज्यूहरू सहकारी ऐन २०७४ को परिच्छेद ६ को दफा ४९ मा व्यवस्था भएको काम कर्तब्य र अधिकारको प्रयोग गर्दै लेखा परीक्षणमा आधारभूत सिद्धान्तको पालना गर्दै आन्तरिक लेखा परीक्षण वित्तीय कारोबारको निरीक्षण तथा मूल्याङकन गर्ने समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने साधारण सभाको निर्देशन निर्णय तथा समितिको निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने र आर्थिक कारोबारलाई व्यवस्थित गर्ने कुरामा केन्द्रित भई यस जनसेवा साकोसको आ.व.२०७९/०८० मा भए गरेका आर्थिक कारोबारसँग सम्बन्धित नीति नियम निर्णयको कार्यान्वयन त्यसको प्रभाकारिता र लेखाङ्कनमा भएका गल्ती एवम् त्रुटीहरू समेत औंल्याई सुझावहरू पेस गरिएको

छ। यसै क्रममा प्रस्तुत गरिएका सुझावहरूलाई कार्यान्वयन गर्न सकेमा संस्थागत रुपमा सबल देखिने दैनिक गतिविधिमा शुद्धता चुस्तता आर्थिक समृद्धि लगायत पर्ल्स तथा हिमालका स्टान्डर्ड प्रोबेशनले निर्धारण गरेका मापदण्ड पुरा गर्न सकिने अबस्थालाई लक्ष्यगमन गर्दै यस अवधिमा गरिएको आन्तरिक लेखा परीक्षण तथा सुपरिवेक्षणको प्रतिबेदन पेस गरिएको छ।

१. अघिल्लो साधारण सभाको निर्णयहरूको आशिंक कार्यान्वयन भएको देखिन्छ, संस्थामा रहेका विद्यमान नीति नियमहरू समय सापेक्षा संसोधनको लागि सुझाव पेष गर्दछौं।

२. आ.व. ०७९/०८० मा सञ्चालक समितिको बैठक संख्याः

- सञ्चालक समितिः १६
- लेखा तथा सुपरिवेक्षण समितिः ४
- ऋण उप समितिः१७
- शिक्षा उप समितिः ४
- सदस्यराहत कोष परिचालन व्यवस्थापन उप समितिः २

४. समय समयमा सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना भएको देखिन्छ।

५. सहकारी कार्यालय, विभाग वा नियमानकारी निकायमा पठाउनुपर्ने प्रतिवेदनहरू समयमा नै पठाएको देखिन्छ। महानगरपालिकामा मासिक रुपमा पठाउने प्रतिवेदन कोपोमिस मार्फत पठाएको देखिन्छ।

६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :

६.१. संस्थाको बैठक बसेको दिनमा उपस्थितको आधारमा प्रतिव्यक्ति रु.८००।- (अक्षरुपीः आठ सय रुपैयामा) नियमानुसार १५ प्रतिशत कर कट्टा गरी बैठक भत्ता भुक्तानी गरेको देखिन्छ। अन्य भत्ताको हकमा अध्यक्षलाई यातायात खर्च बापत मासिक रु.२५००। (अक्षरुपीः दुई हजार पाँच सय) भुक्तानी गरेको देखिन्छ। सो बाहेक सञ्चालक र पदाधिकारी हरूले संस्थाबाट कुनै पनि आर्थिक लाभ लिएको देखिदैन।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरूः

७.१. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भएको।

७.२. कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको।

७.३. भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको।

७.४. कार्यरत कर्मचारीहरू र कार्यवोझ बिच तादाम्यता रहेको।

प्रति कर्मचारी सदस्य संख्याः २७७ जना

प्रति कर्मचारी खाता संख्याः ६०० खाता

प्रति कर्मचारी ऋण रकमः ३।४६ करोड

७.५. कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्याः ९ जना

७.६.१ करार : ४ जना

७.६.२ अस्थायी : १

७.६.३ स्थायी :३ जना

८. लेखा समितिले प्रत्येक ३/३ महिनामा औपचारीक बैठक एवं विभिन्न समयमा गरिएको छड्के परीक्षणमा देखिएका कैफियतहरू सुधारका लागि दिएको सुझावहरू चरणबद्ध रुपमा पालना भएका छन् ।

९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू

क) गत वर्षको नीति तथा कार्यक्रममा नगदे बालि उत्पादन क्षेत्रमा सहुलियत पुर्ण व्याजदरमा लागनी गर्ने भनिए तापनि कुनै ऋण लगानी भएको नपाइएको साथै कृषि पशुपालनमा कुल लगानीको २० प्रतिशत लगानी गर्ने भनिए तापनि सोही अनुरुप नभएको पाइयो ।

ख) कर्मचारी सेवा सुविधामा १० प्रतिशत देखि १५ प्रतिशत सम्म वृद्धि गरको पाइयो ।

ग) कर्मचारी दक्षता अभिवृद्धि तालिम समय समयमा गुर्नपर्ने देखिन्छ । बजेटमा उल्लेख भएतापनि उक्त कार्यक्रम सञ्चालनमा नआएको पाइयो ।

घ) सञ्चालक समितिको बैठक पुस्तिका निरिक्षण गर्दा संस्थाका उपाध्यक्ष श्री गोविन्द प्रसाद पौडेलको मिति २०७९ कार्तिकदेखि हालसम्म उपस्थिति नभएको पाइयो ।

ङ) ऋण लगानीको क्षेत्र र लगानी उपयोगमा एकरुपता नभएको पाइयो ।

च) संस्थामा नयाँ सेयर सदस्य बनाउदा संस्थाको विनियममा उल्लेख भएको र सहकारी ऐन नियमावलीले तोकेको योग्यता पुर्ण रुपमा पुरा गरेको ब्यक्तिहरूलाई पहिचान गरी सदस्यता दिन सुझाव दिएका छौं ।

छ) कर्मचारी विमाको लागि बजेटको व्यवस्था भएको तर कार्यान्वयन नभएको

ज) सामाजिक सुरक्षा कोषमा संस्थालाई सुचिकृत गरी कर्मचारीलाई आवद्ध गराउने निर्णय भएकोमा उक्त कार्य कार्यान्वयनमा नआएको पाइयो ।

**१०. लेखा समितिको सुझावहरू:**

क) यस आ.ब. २०७९/०८० मा ४ पटकसम्म झल्टको निरीक्षण कार्य सम्पन्न भएका छन् । झल्टमा भएको नगद मौज्दात कारोबारसँग गरिएको नगद मौंज्दात किताब सँग ठिक दुरुस्त भएको प्रमाणित गरिन्छ ।

ख) ऋण जोखिम कम गर्नको लागि दिएका सुझावलाई अझै पनि प्रभावकारी रुपमा कार्यान्वयन गरेको पाइएन ।

ग) बिल भौचर, भरपाइमा मिति दस्तखत तथा प्रमाणित गर्ने क्रममा समय समयमा दिएका सुझाव सुधार भएको पाइएको छ ।

घ) आ.ब. २०७८/०७९ को सेयर बोनशबाट बाँकी रु ८०६५।७४, सहकारी शिक्षा कोषबाट

४८०७४।६१, सामुदायिक विकास कोषबाट रु.२२३३२४।६१, सहकारी बिकाष कोषबाट रु.२५३८७९।६१, स्थिरिकरण कोषबाट रु.६९९८२१श्र३२, जोखिम व्यवस्थापन कोषबाट रु.२५३८७९।६१ , संरक्षित पुँजी फिर्ता कोषबाट रु.५८५६९।९७ गरी जम्मा १५४५६१५।४७ जगेडा कोषमा सारेको पाइयो ।

ङ) आ.व.२०७९/०८० को आषाढ मसान्तसम्म असल ऋण २६,३४,८५,३२६।५२, शंकास्पद ऋण ३४,९७,८८२।८० र खराब कर्जा रु.२२७०२।- गरी जम्मा २६७००५८११।३२ ऋण लगानी भएको र ऋण जोखिम बहन कोषमा ३८,८१,८१३।२५ को व्यवस्था गरिएको पाइयो भने गत वर्षको तुलनामा ऋण जोखिम बहन कोषमा रु.३९८७२१।२२ खर्च गरिएको छ ।

च) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गरिएको पाइयो ।

छ) आ.व.२०७९/०८० मा सेयर बोनश कोष रु.४१,६०,४७०।१६ छुटिएको हिसाबले १३ प्रतिशत सम्म बोनस वितरण गर्न सकिने रेकर्डबाट देखिन्छ ।

ज) संस्थाको कुल जगेडा कोष सम्पतिको ६।३० प्रतिशत पुगेको छ ।

झ) पोखरा १ बगरमा सेवा केन्द्र खोलिएको छ, कार्यकक्षलाई व्यवस्थित गरिएको पाइयो ।

ञ) कर्मचारीको लागि उपदान कोष र औषधी उपचार कोषको स्थापना गर्नको लागि सिफारिश गरिन्छ ।

१) व्यवसायिक कर्जा दिँदा उक्त व्यवसाय छ छैन छ भने के कस्तो अवस्थामा छ त्यसको विश्लेषण प्रतिवेदन राख्नु पर्ने देखिन्छ ।

२) ऋण लगानी गर्ने क्रममा आम्दानीको स्रोतको रुपमा सवारी साधनको आम्दानी राखिएको भएमा सवारी साधनको ब्लुबुक नविकरण, विमा र समितिको आम्दानी राख्नका लागि सुझाव दिइन्छ ।

३) बैदेशिक आम्दानी लिदा, पासपोर्ट, Payslip,Visa र नेपालमा मासिक आम्दानी कति भित्रिन्छ त्यसको विश्लेषण गर्नुपर्ने देखिन्छ ।

४) व्यवसायिक आम्दानीको हकमाः

- व्यवसायिक दर्ता नविकरण
- कर चुक्ता र कर तिरेको रसिद
- वित्तीय विवरण
- व्यवसाय निरीक्षण प्रतिवेदन राख्नु पर्ने देखिन्छ ।
- व्यवसाय निरीक्षणको फोटोहरू समावेस गर्नुपर्ने देखिन्छ ।

५) कर्जा लगानी गर्दा विश्लेषण कम भएकै कारण संकास्पद ऋणी को संख्या बढेको र रकम पनि बढेको देखिन्छ । जसले गर्दा भविस्यमा असुली लाई बिशेष नीति बनाई उक्त संख्या घटाउनको लागि सुझाव दिन चाहान्छु ।

६) बचत र लगानी नै मुख्य संस्था चलाउने आधार भएकोले बजेटको उपलब्धी पहिलो र दोस्रो त्रैमासमा बढी गर्न सकेमा राखिएको अनुमानित बजेट हासिल गर्न सहज हुने भएको हुँदा आगामी दिनहरूमा ति कुरामा ध्यान दिनको लागि सुझाव दिन चाहान्छौं ।

८) सञ्चालक समितिले संस्थाको सम्पूर्ण जिम्वेवारी लिनु पर्ने भएकोमा सेवा केन्द्रमा सबै समिति सदस्यहरूको सक्रिय सहभागीता नभएको पाइयोकोले आगामी दिनहरूमा समिति सदसयहरूको सक्रिय सहभागीता गराई सेवा केन्द्रलाई अझै ब्यबस्थीत र मजवुत बनाई कारोवार वृद्धि गर्नको लागि सवल बनाउनु हुन सुझाव दिन चाहान्छौं ।

१६) आम्दानी विश्लेषण नगरी धेरै फाईलहरू लगानी गरेको पाइयो । जोखिम व्यवस्थापन गर्नको लागि Properly आम्दानी विश्लेषण गरी आम्दानी कागजपत्र अध्यावधिक गराउने सुझाव दिन चाहान्छौं ।

१७) हरेक फाइल लगानी स्वीकृत गर्दा इन्जिनियरको मूल्याङ्कनको आधारमा लेखी स्वीकृत गरिएकोमा Cross Check नगरी लगानी गरेको पाइयो । जसले : धितोमा रहेको सुरक्षण जोखिम बढी भएको देखिन्छ । ऋण उप-समितिलाई कागजपत्र धितो निरीक्षणको विश्लेषणको गरी पुर्ण रुपमा हेरी ऋण स्वीकृत गर्न सुझाव दिन चाहान्छौं ।

१८) चार किल्ला प्रमाणीतमा बाटो नभएकोमा बाटो छ कि छैन यदि नक्सामा मात्र नभएको हो भने वडा बाट बाटो सिफारीस अनिवार्य लिएर कर्जा लगानी गर्नको लागि सुझाव दिन चाहान्छौं ।

१९) व्यवसायीक कर्जा विना धितोमा रु. ३०००००। अक्षरुपी: तिन लाख सम्म दिने नितिमा व्यवसायको कर चुक्ता, धन जमानी दिने व्यक्तीको बचत रकम, सदस्यको नगद प्रवाह, व्यवसायको स्थलगत निरिक्षणका आधार, व्यवसायको वित्तीय विवरण, व्यवसाय फिल्ड भिजिट र कर चुक्ताको आम्दानीबाट मासिक किस्ता तिर्ने सक्षमता हेरी सुरक्षित ऋण लगानी गर्न सिफारिस गर्दछौं ।

११) **यस संस्थाको वित्तीय झलक वृद्धि प्रतिशत संक्षेपमा** ...

| विवरण: | आ.व.०७८/०७९ | आ.व.०७९/०८० | वृद्धि प्रतिशत |
|---|---|---|---|
| सेयर सदस्य संख्या | १९४६ | २२१४ | १३.७७ |
| सेयर रकम | २९८११००० | ३३१७३२०० | ११.२८ |
| जगेडाकोष | १६८०२६२९.१६ | २१०४८३४१.६३ | २५.२७ |
| अन्य कोषहरू | ८८६०६८६.७२ | ९७३८०३३.४६ | ९.९० |
| बचत रकम | २२७९६८८७२.४ | २६३०८३९२४.५ | १५.४० |
| ऋण रकम | २४१४४७७६७.२ | २६७००५८११.३ | १०.५९ |
| जम्मा आम्दानी | ३१३८९४५७.९२ | ४०१६३७८६.८७ | २७.९५ |

| | | | |
|---|---|---|---|
| जम्मा खर्च | २०७८०२८०.३ | २७७३१९४८.४९ | ३३.४५ |
| सञ्चालन नाफा | १०६०९१७७.६२ | १२४३१८३८.३८ | १७.१८ |
| नगद/बैंक | ४३३४४१९२.८७ | ६१२७२९४०.६४ | ४१.३६ |
| कुल सम्पति | २९०३३२०१२.७ | ३३४२८६१०८.२ | १५.१४ |
| भाखा नाघेको ऋण | १६४८२३० | ३५२०५८४.८ | ११३.६० |
| ऋणी संख्याः | ४०७ | ४८२ | १८.४२७५२ |

अन्त्यमा, सेयर धनी महानुभावहरू हामीलाई यस भन्दा अगाडिको अधिवेसन बाट सुम्पिएको जिम्मेवारी पुरा गरेको अनुभुती मिलेको यहाँको मूल्याङ्कन सञ्चालक सेयर सदस्य महानुभावहरूमा हुनु पर्दछ भन्ने विश्वासको साथ यस साधारण सभा तथा अधिवेसनबाट कुशल नेतृत्व चयन हुने विश्वास लिएका छौं ।

जय सहकारी

जय जनसेवा

| | | |
|---|---|---|
| लेखा समितिका | संयोजक | ठाकुर प्रसाद रेग्मी |
| लेखा समितिका | सदस्य | बद्रिराज पौडेल |
| लेखा समितिका | सदस्य | कुशल गिरी |

Amit Thapa & Associates
CHARTERED ACCOUNTANTS

Newroad, Pokhara-8
061-537649, 9856032664
atassociates15@gmail.com

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**श्री शेयर सदस्य महानुभावहरु**
**जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१९ ,कास्की

हामीले **जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.को** वित्तिय विवरण जसले २०८० साल आषाढ मसान्तको वित्तिय स्थिति विवरण, सो मितिमा समाप्त भएको अर्थिक वर्ष २०७९/८० को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित नीति तथा टिप्पणीहरु को लेखापरिक्षण सम्पन्न गरेको छौं ।

### हाम्रो राय

हाम्रो रायमा संलग्न वित्तिय विवरणहरु लेखा सँग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा ३१ असार २०८० को आर्थिक स्थिति तथा सोहि मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा नेपाल लेखामान बमोजिम तथा अन्य कानूनी आवश्यकता बमोजिम समुचित तथा यर्थाथ विवरण चित्रण गर्दछ ।

### रायका आधारहरु

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभुतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याइ गर्नका निमित्त प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितीको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### व्यवस्थापनका उत्तरदायित्वहरु

प्रचलीत कानून तथा नेपाल लेखमान बमोजिम वित्तिय विवरणको तयारी र यर्थाथ प्रस्तुतिकरण गर्नु **जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.को** व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तिय विवरण गलत आंकडा, जालसाजी वा त्रुटी रहित छ भनी तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणलीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् । व्यवस्थापनले तय गरेका ति वित्तिय विवरण उपर लेखापरिक्षणको आधारमा मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

### लेखापरिक्षकको उत्तरदायित्वहरु

व्यवस्थापनले तय गरेका ति वित्तिय विवरण उपर लेखापरिक्षणको आधारमा मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।
मन्तव्य:
हामी द्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरु सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरु बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

Amit Thapa & Associates, Newroad, Pokhara-8, Chartered Accountants

ग) यो प्रतिवेदन सँग सम्बधित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात); नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेका हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालन समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रुपमा सञ्चालन भएको पायौं ।

**नि: अमित थापा एण्ड एसोसियट्स**
चार्टड एकाउन्टेन्ट्स

Amit Thapa & Associates, Newroad Pokhara-8, Chartered Accountants

**सिए. अमित थापा**
(प्रोप्राइटर)

मितिः २०८०।०५।१५
स्थानः पोखरा, कास्की ।
**UDIN नं :** 230902CA006997aJ9X

# जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१९, कास्की

## वित्तीय स्थिति विवरण (२०८० आषाढ मसान्तको)

| पूँजी तथा दायित्व | अनुसूची | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| शेयर पूँजी | १ | ३३,१७३,२००.०० | २९,८११,०००.०० |
| जगेडा कोष | २ | २१,०४८,३४१.६३ | १६,८०२,६२९.१६ |
| अन्य कोषहरु | २ | ९,७३८,०३३.४६ | ८,८६०,६८६.७२ |
| बचत तथा निक्षेप | ३ | २६३,०८३,९२४.४९ | २२७,९६८,८७२.३९ |
| चालु दायित्व तथा व्यवस्थाहरु | ४ | ३,३६०,७९५.३८ | ३,४०२,०५७.४२ |
| ऋण नोक्सानी कोष व्यवस्था | ५ | ३,८८१,८१३.२५ | ३,४८३,०९२.०२ |
| स्थगन कर | | ०.०० | ३,६७५.०० |
| **जम्मा** | | ३३४,२८६,१०८.२१ | २९०,३३२,०१२.७१ |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद मौज्दात | | ६१९,८०४.४४ | २८०,८२१.८३ |
| बैंक मौज्दात | ६ | ६०,६५३,१३६.२० | ४३,०६३,३७१.०४ |
| लगानी हिसाब | ७ | ५८०,१००.०० | ५८०,१००.०० |
| कर्जा तथा सापट लगानी | ८ | २६७,००५,८११.३२ | २४१,४४७,७६७.१६ |
| चालु सम्पत्ति | ९ | १,२३९,६४७.०३ | १,४३८,१०२.५८ |
| स्थगन कर | | ११,६३६.८१ | ०.०० |
| स्थिर सम्पत्ति | १० | ४,१७५,९७२.४० | ३,५२१,८५०.१० |
| **जम्मा** | | ३३४,२८६,१०८.२१ | २९०,३३२,०१२.७१ |
| प्रमुख लेखानीति तथा टिप्पणीहरु | १६-१८ | | |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | चार्टर्ड एकाउण्टेण्ट

Thapa & Associates Newroad Pokhara-8 Chartered Accountants

# जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१९, कास्की

## आय विवरण

**आ.व. २०७९-८० (श्रावण १, २०७९ देखि असार ३१, २०८० सम्म)**

| बिबरण | अनुसूची | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| ब्याज आम्दानी हिसाव | | ३४,१८७,९५०.२७ | २७,४८६,०९९.३६ |
| ब्याज खर्च हिसाव | ११ | २०,८६९,४२६.३१ | १५,२३१,०५०.५९ |
| **खुद ब्याज आम्दानी** | | १३,३१८,५२३.९६ | १२,२५५,०४८.७७ |
| अन्य आम्दानी | १२ | १,६०६,१५३.०९ | १,२१८,८१०.०६ |
| बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज आम्दानी | | ४,२४६,३२८.९८ | २,५६१,८४९.२० |
| **कुल संचालन आम्दानी** | | १९,१७१,००६.०३ | १६,०३५,७०८.०३ |
| कर्मचारी खर्च | १३ | २,९३६,५९८.८० | २,४२८,२८७.६० |
| प्रशासनिक खर्च | १४ | २,८८३,३१४.८९ | २,२०२,३६९.६७ |
| मर्मत तथा संभार खर्च | १५ | ४२,३३९.०० | १३८,९१४.३४ |
| ह्रासकट्टि खर्च | १० | ६०१,५४८.२७ | ४३२,६११.४२ |
| **ऋण नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | १२,७०७,२०५.०७ | १०,८३३,५२५.०० |
| ऋण नोक्सानी व्यवस्था | ५ | ३९८,७२१.२२ | ३४७,०४६.६८ |
| **सञ्चालन मुनाफा** | | १२,३०८,४८३.८५ | १०,४८६,४७८.३२ |
| गैर सञ्चालन आम्दानी | | १२३,३५४.५३ | १२२,६९९.३० |
| **कर्मचारी बोनस व्यवस्था अघिको नाफा** | | १२,४३१,८३८.३८ | १०,६०९,१७७.६२ |
| कर्मचारी बोनस व्यवस्था | | ६२४,१२४.८९ | ५२४,३२३.९२ |
| **कर अघिको नाफा** | | ११,८०७,७१३.४८ | १०,०८४,८५३.७० |
| यस वर्षको कर व्यवस्था | | १,१८५,८३७.३० | ९९७,३४८.६७ |
| यस वर्षको स्थगत कर आम्दानी (खर्च) | | १५,३११.८१ | (९१.७७) |
| **खुद नाफा (नोक्सान)** | | १०,६३७,१८८.०० | ९,०८७,४१३.२६ |
| प्रमुख लेखानीति तथा टिप्पणीहरु | १६-१८ | | |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

व्यवस्थापक    कोषाध्यक्ष    सचिव    अध्यक्ष    चार्टर्ड एकाउण्टेण्ट

## जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१९, कास्की

# नगद प्रवाह विवरण

(आ.व.२०७९/८० को अन्त्यमा)

| क्र.सं. | विवरण | यस बर्षको (रु) | गत बर्षको (रु) |
|---|---|---|---|
| १. | सञ्चालन गतिविधिबाट नगद प्रवाह | | |
| | कर अगाडिको नाफा | ११,८०७,७१३.४८ | १०,०८४,८५३.७० |
| | जोडः ह्रासकट्टी खर्च | ६०१,५४८.२७ | ४३२,६११.४२ |
| | नाफा संचालन पुँजी समायोजन भन्दा अगाडि | १२,४०९,२६१.७५ | १०,५१७,४६५.१२ |
| | समायोजनः | | |
| | ऋण लगानीमा घटी वढी | (२५,५५८,०४४.१६) | (२५,३२४,०५१.२५) |
| | अन्य सम्पतिमा घटी वढी | (९७५,५७८.९८) | (६०,४४८.६२) |
| | निक्षेपमा घटी वढी | ३५,११५,०५२.१० | १५,१५६,७६९.१५ |
| | अन्य दायित्वमा घटी वढी | ९४४,२८३.८७ | ८५४,४२७.३० |
| | खराब कर्जा कोषमा घटी वढी | ३९८,७२१.२२ | ३४७,०४६.६८ |
| | गत वर्षको कर तिरेको | (९९७,३४८.६७) | (८३७,५७४.०७) |
| | **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | २१,३३६,३४७.०८ | ६५३,६३४.३१ |
| | | | |
| २ | लगानी गतिविधिबाट नगद प्रवाह | | |
| | क. स्थिर सम्पत्ति (खरिद) | (१,२५५,६७०.५७) | (१,२४४,३२८.५४) |
| | ख. स्थिर सम्पत्ति बिक्री | - | - |
| | ख. लगानीमा कमी (बृद्धि) | - | - |
| | **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | (१,२५५,६७०.५७) | (१,२४४,३२८.५४) |
| ३ | वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| | क. शेयर पूँजीमा बृद्वी (कमी) | ३,३६२,२००.०० | ३,०८३,५००.०० |
| | ख. कोषहरुको घटीबढी | (५,५१४,१२८.७४) | (४,४७६,०८७.००) |
| | ग. बाहय ऋणमा घटीबढी | - | (१,२१६,५५९.२५) |
| | **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | (२,१५१,९२८.७४) | (२,६०९,१४६.२५) |
| | | | |
| | नगद तथा बैंक मौज्दातमा बृद्धि (१ + २ + ३) | १७,९२८,७४७.७७ | (३,१९९,८४०.४८) |
| | यस बर्षको शुरुमा नगद तथा बैंक मौज्दात | ४३,३४४,१९२.८७ | ४६,५४४,०३३.३५ |
| | **यस बर्षको अन्त्यमा नगद तथा बैंक मौज्दात** | ६१,२७२,९४०.६४ | ४३,३४४,१९२.८७ |
| | प्रमुख लेखा नीति तथा टिप्पणीहरु | १६-१८ | |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

व्यवस्थापक        कोषाध्यक्ष        सचिव        अध्यक्ष        चार्टर्ड एकाउण्टेण्ट

Thapa & Associates
Newroad Pokhara-8
Chartered Accountants

# जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१९, कास्की

## इक्वीटि परिवर्तनको विवरण

आ.व. २०७९-८० (१ श्रावण २०७९ देखि ३१ आषाढ २०८० सम्म)

